कानुनभन्दा माथि कोही छैन भन्ने भाष्य... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २६ | •अंक २ | • २०८१ साल जेठ ८ गते मंगलबार (21 May, Tuesday, 2024) | •पृष्ठ ८ | •मूल्य रु. ५।–


### यादवविरुद्ध मधेशमा मोर्चाबन्दी

# जसपा नेपाल अलग्गिदा १५ सांसद सत्ता नजिक

**टुडे समाचारदाता**

काठमाण्डु । जनता समाजवादी पार्टी(जसपा)नेपालले प्रधानमन्त्री पुष्पकमल दाहाल'प्रचण्ड'को साथ छोड्दा जनमत, जसपा र स्वतन्त्र सांसदले साथ दिएका छन् ।

जसपा नेपालले समर्थन फिर्ता लिएपछि प्रधानमन्त्री प्रचण्डले सोमवार विश्वासको मत लिएका छन् । उनलाई कांग्रेसले समर्थन गरेको बखतकै संख्यामा सांसदहरुले फेरि समर्थन गरेका छन् ।

जसपा नेपालले सरकारलाई दिएको समर्थन फिर्ता लिइसकेको छ । जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले आइतवार सर्वोच्च अदालतमा विश्वासको मत रोक्न रिट दर्ता गरेका थिए । तर रिटमा सुनुवाई हुनु अगावै प्रधानमन्त्री दाहालले विश्वासको मत प्राप्त गरेका छन् । जसपा नेपालबाट विभाजित भएका जसपाका ७ जना सांसदले पनि विश्वासको मत दिएका छन् ।

जसपा नेपाल रहने गठबन्धनमा जनमत, जसपा र मधेश प्रदेशका २ जना स्वतन्त्र सांसद नरहने भएका छन् । यादव संघीय सत्तारुढ गठबन्धनमा रहँदा जनमत पार्टी सत्ता भन्दा बाहिर रहेका थिए । जसपा हट्ने बितिकै जनमत पार्टी सत्ता गठबन्धनसित नजिकिएको छ ।

लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)ले पनि जसपा नेपालसित सहकार्य गर्न असहज महसुस गरिरहेको छ । जसपा नेपाल संघीय गठबन्धनमा एमाले, माओवादीलाई साथ दिएपछि मधेश प्रदेशको सरकारबाट बाहिरिएको हो । मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले वैशाख ४ गते विश्वासको मत लिँदा एमाले र माओवादीले साथ दिएका थिए । कांग्रेस, जनमतसँगै लोसपाले पनि विश्वासको मत दिएको थिएन् । यद्यपि लोसपा र जसपा नेपाल हाल एउटै विपक्षी गठबन्धनमा केन्द्रमा रहेको छ ।

संघीय गठबन्धनमा भएको फेरबदलसँगै मधेश प्रदेशमा पनि गठबन्धन सोही अनुरुप हुने देखिएको छ । उच्चस्रोतहरुका अनुसार संघीय सरकारमा रहेको नेकपा एसले भने मधेश प्रदेशमा जसपा नेपालसहितको गठबन्धनसाथ रहने बताइएको छ । हाल पनि नेकपा एस मधेश प्रदेश सरकारमा रहेको छ ।

जसपा नेपालका अध्यक्ष संघीय सरकारमा उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्या मन्त्री रहेका बेला जनमत र लोसपा सरकार बाहिर थियो । यादव हटेसँगै जनमतलाई संघीय सरकारमा जाने मार्ग प्रशस्त भएको छ । तर लोसपा संघीय सरकारमा नजाने निश्चित भएको छ । लोसपाले प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिएको छैन् ।

संघीय गठबन्धनमा देखिएको परिवर्तनको प्रभाव मधेश प्रदेशमा परिसकेको छ । नेकपा एमाले, माओवादी केन्द्र र जनमत पार्टीले सरकार बनाउने कसरतमा छन् । तर उसलाई नेकपा एस अथवा लोसपाको अनिवार्य साथ चाहिन्छ । नेकपा एस जसपा नेपालसित रहेको छ । लोसपाले एमाले र माओवादी गठबन्धनलाई साथ नदिने संकेत गरिसकेको छ ।

संघीय गठबन्धनको भन्दा मधेशमा जसपा नेपालका अध्यक्ष यादवलाई केन्द्रमा राखेर गठबन्धन हुने गरेको छ । पछिल्लो सरकार गठन भएको झण्डै डेढ वर्षमा मधेश प्रदेशमा मुख्यमन्त्री यादवले ४ पटक विश्वासको मत लिइसकेका छन् ।

जसपा नेपालका अध्यक्ष यादवले पार्टी विभाजनविरुद्ध दुईवटा रिट सर्वोच्चमा दर्ता गरेका छन् । त्यसमध्ये प्रधानमन्त्रीको विश्वासको मत रोक्न आइतवार दर्ता गरिएको रिटको एक प्रकारले औचित्य नै समाप्त भइसकेको छ । प्रधानमन्त्री प्रचण्डलाई जसपा नेपालबाट विभाजित ७ जना सांसदले विश्वासको मत दिएका छन् ।

नेपाली कांग्रेस सहितको गठबन्धनमा रहेको बेला प्रधानमन्त्री प्रचण्डको कडा आलोचना गर्ने सर्लाहीका स्वतन्त्र सांसदले पनि यस पटक उनलाई विश्वासको मत दिएका छन् । रौतहटका स्वतन्त्र सांसद एवं आम जनता पार्टी(आजपा)का अध्यक्ष प्रभु साह पनि प्रधानमन्त्रीको पक्षमा मतदान गरेका छन् ।

मधेश प्रदेशमा पनि चाँडै सत्ता समीकरण बन्ने नेताहरुले जनाएका छन् । त्यसका लागि नेपाली कांग्रेस, लोसपा, जसपा नेपाल र नेकपा एसबीच छलफल सुरु भएको छ ।

## जसपा नेपालको रिटमाथि आज छलफल

**टुडे समाचारदाता**

काठमाण्डु ।जनता समाजवादी पार्टी(जसपा)नेपालले निर्वाचन आयोग समेतमाथि दायर गरेको रिटमा मंगलवार दुबै पक्षबीच छलफल हुनेछ ।

सर्वोच्च अदालतले सो रिटमा अल्पकालीन अन्तरिम आदेश जारी गर्दै दुवै पक्षलाई छलफलमा बोलाएको छ । जसपा नेपालका अध्यक्ष यादवले निर्वाचन आयोग गैरकानुनी ढंगले पार्टीको विभाजन गरेकाले बदर गर्न सर्वोच्च अदालतमा रिट दर्ता गरेका हुन् । उनले वैशाख ३१ गते सो रिट दर्ता गराएका थिए ।

सर्वोच्चले निर्वाचन आयोगलाई जसपाको दर्ता सम्बन्धी कामलाई यथास्थितिमा राख्न अन्तरिम आदेश जारी गरेको छ । सो आदेशको कारण निर्वाचन आयोगले जसपा नेपालका जनप्रतिनिधिहरुलाई दल रोज्न दिएको प्रक्रिया रोकिएको छ ।

मधेश प्रदेशका सभासदहरुलाई जसपातिर आकर्षित गर्न नेताहरु अहोरात्र खटिरहेका छन् । तर अहिले सभासदहरुले दल फेरेका छैनन् । स्थानीय तहका जनप्रतिनिधिहरुमध्ये मधेश प्रदेशबाट वीरगञ्ज महानगरका मेयर राजेशमान सिंह जसपा तिर लागेका छन् ।अन्य जनप्रतिनिधिहरु खुलेका छैनन् ।

सर्वोच्चको मंगलवार आउने आदेशले मधेश प्रदेशमा जसपा नेपालको स्थिति प्रष्टिने बताइएको छ ।




# मधेश प्रदेशमा 'कोर्ष करेक्सन' हुने : अध्यक्ष नेपाल

**टुडे समाचारदाता**

जनकपुरधाम । नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले संघीय सरकारमा फरक दल र मधेश प्रदेशमा फरक दलको सरकार रहेकाले नयाँ कोर्ष अनुसार अघि बढ्न सक्ने संकेत गरेका छन् ।



जनकपुरधाम विमानस्थलमा सोमबार सञ्चारकर्मीहरुसंग कुराकानी गर्दै पूर्वप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष नेपालले आफूहरु संघीय सरकारमा र मधेश प्रदेश सरकारमासमेत सहभागी रहेकाले नयाँ कोर्ष अनुसार अघि बढ्ने संकेत गरेका छन् ।

संघीय सरकारमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई विश्वासको मत दिएको बताउँदै अध्यक्ष नेपालले मधेश प्रदेश सरकारको नेतृत्व जसपा नेपाल रहे पनि आफूहरु पनि सहभागी रहेकाले 'मोरल' माथि प्रश्न उठेको बताए ।

उनले मधेश प्रदेश सरकारको सवालमा आफूहरुमाथि नैतिकताको प्रश्न खडा भएको स्पष्ट पार्दै केन्द्रमा नेकपा माओवादी केन्द्र नेतृत्वको सरकार रहेको बेला जसपा नेपाल नेतृत्वमा रहेको मधेश प्रदेश सरकारलाई समर्थन गरेमा नैतिकताको प्रश्न उठ्ने भएकाले नयाँ ढंगले अघि बढ्न खोजेको बताए ।

उनले भने- 'मुलुक संघीय संरचनामा रहेकाले यहाँ हामी फरक ढंगले अघि बढ्न चाहे पनि वर्तमान देशको राजनीतिक परिस्थितिले निर्धारण गरे अनुसार निर्णय गर्छौं ।'

> 'मुलुक संघीय संरचनामा रहेकाले यहाँ हामी फरक ढंगले अघि बढ्न चाहे पनि वर्तमान देशको राजनीतिक परि स्थितिले निर्धारण गरे अनुसार निर्णय गर्छौं ।'

अध्यक्ष नेपालले प्रधानमन्त्री प्रचण्डले विश्वासको मत प्राप्त गरिसके पछि मधेश प्रदेशको सरकारमा पनि उथलपुथल हुने भएकाले अब के गर्ने भन्ने बारेमा छलफल गर्ने बताए ।

'प्रधानमन्त्री प्रचण्डले संघीय सरकारका लागि विश्वासको मत पाइसक्नु भएको छ, अध्यक्ष नेपालले भने-' मुलुकको राजनीतिक कोर्ष कसरी अगाडि बढ्छ, त्यो पनि नियालिरहेका छौं, हेरौं, के हुन्छ ?'

उनले मुलुक संघीय संरचनामा रहेकाले केन्द्र र प्रदेशमा आफूहरु फरक ढंगले अघि बढ्न चाहि रहेको समेत बताए ।

मधेश प्रदेशमा एमाले र माओवादीलाई नसघाए एसको नेतृत्वमा सुदूरपश्चिममा रहेको प्रदेश सरकार ढल्ने जोखिम छ । मुख्यमन्त्री दीर्घबहादुर सोडारीलाई विश्वासको मत दिएको एमाले र माओवादी सरकारमा गएका छैनन् ।







बर्दिबास-१ रातु नदी तटस्थित रातु मोक्षधाम परिसरमा निर्मित **मोक्षेश्वर महादेव मन्दिर**। तस्विर : रासस

# सामुदायिक वनमा पक्की भवन निर्माण हुने

सिरहा। वन संरक्षण र पर्यटन व्यवसाय प्रवर्द्धन गर्ने उद्देश्यले लहान नगरपालिका-१७ स्थित हरिपुरको देवीथान सामुदायिक वनमा दुईतले पक्की भवन निर्माण हुने भएको छ।

मधेश प्रदेश सरकारको उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयबाट प्राप्त रु एक करोड ३९ लाख लागतमा भवन निर्माण हुन लागेको हो। उक्त भवनको शिलान्यास सोमबार लहान नगरपालिका प्रमुख महेशप्रसाद चौधरीले गर्नुभयो।

"भवन निर्माणपछि यस सामुदायिक वन संरक्षण र सौन्दर्यकरण हुने विश्वास लिएको छु," नगरप्रमुख चौधरीले भन्नुभयो, "यसका साथै पर्यटन व्यवसाय प्रवर्द्धनमा पनि टेवा पुग्नेछ।

वनमै कार्यालय बनेपछि वन उपभोक्ता समितिको सक्रियता बढ्ने र जङ्गलमा हुने चोरी-सिकारी न्यूनीकरण गर्न मद्दत पुग्नेछ।"

विगतमा भवन बनाउन नसक्दा आफ्नै घरलाई कार्यालय बनाउनुपर्ने अवस्था रहेको देवीथान सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष त्रिपटलाल यादवले बताउनुभयो। "समितिको कार्यालय झोलामा सीमित थियो। लामो प्रयासका बाबजुद भवन बनाउन प्रदेश सरकारबाट बजेट प्राप्त भएको छ," उहाँले भन्नुभयो, "अब एक वर्षभित्र व्यवस्थित कार्यालय बन्ने भएपछि खुसी लागेको छ।"

अध्यक्ष यादवका अनुसार भवन परिसरमा वनभोजस्थल र वरिपरि सुन्दर बगैँचा निर्माण हुनेछ।

भवनको नजिकै देवीदह र पकडियागढी जस्ता ऐतिहासिक पर्यटकीय स्थलसमेत भएकाले पर्यटक आगमन वृद्धि हुने अनुमान अध्यक्ष यादवको छ।रासस

# प्रधानमन्त्रीलाई विश्वासको मत



**टुडे समाचारदाता**

काठमाण्डु। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई प्रतिनिधिसभाको बैठकबाट विश्वासको मत प्राप्त भएको छ। प्रतिनिधिसभाको यो कार्यकालमा उनले चौथौपटक विश्वासको मत प्राप्त गरेका हुन्।

प्रतिनिधिसभाको सोमबारको दोस्रो बैठकमा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सांसदको विरोध र नाराबाजीबीच प्रधानमन्त्री दाहालले विश्वासको मतसम्बन्धी प्रस्ताव पेस गरेका थिए। बैठकमा अन्य विपक्षी दलहरुलेसमेत आशनबाट उभिएर विरोध जनाएका थिए।

सभामुख देवराज घिमिरेले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा प्रधानमन्त्री दाहालका पक्षमा एक सय ५७ मत, विपक्षमा शून्य र मत दिन्न भन्ने प्रस्तावमा एक मत खसेको थियो। विश्वासको मत प्रक्रियामा एक सय ५८ सांसद सहभागी भएको सभामुख घिमिरेले जानकारी गराएका थिए। कांग्रेसका सांसदको वेल घेराउ र नाराबाजीबीच सभामुख घिमिरेले प्रधानमन्त्री दाहाललाई विश्वासको मतसम्बन्धी प्रस्ताव पेस गर्न अनुमति दिएका थिए। कांग्रेसले सहकारीको रकम अपचलनमा उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेको संलग्नता देखिएको आरोप लगाउँदै निष्पक्ष र स्वतन्त्र छानबिनका लागि संसदीय समिति गठनको माग गरेर संसद् बैठक अवरुद्ध गर्दै आएको छ।

# देशभर १४ प्रतिशत स्वास्थ्य उपकरण जडान भएनन्

काठमाण्डु। मुलुकका सङ्घीय अस्पतालमा आएका उपकरणमध्ये १४ प्रतिशत जडान नै नगरिएको पाइएको छ।

स्वास्थ्य सेवा विभागले लाइफलाइन इन्टरप्राइजेजसँगको सहकार्यमा गरेको 'नेपालका सार्वजनिक स्वास्थ्य संस्थामा बायोमेडिकल उपकरणको सर्वेक्षण' सार्वजनिक कार्यक्रममा इन्टरप्राइजेजका अध्यक्ष अञ्जली टिवरिवालले दुई हजार छ सय ४५ स्वास्थ्य उपकरण अझै जडान नगरिएको जानकारी दिनुभयो।

उहाँका अनुसार वाग्मती, कोशी, मधेस, गण्डकी र सुदूरपश्चिम प्रदेशका ११ अस्पतालमा गरिएको सर्वेक्षणमा एक हजार आठ सय २३ उपकरण बिग्रेका छन्। गत कात्तिकदेखि चैतसम्ममा ती अस्पतालमा १९ हजार एक सय ७४ उपकरणको अवस्थाका बारेमा सर्वेक्षण गरिएको थियो। सर्वेक्षणमा एक हजार ७४ उपकरण राम्रा रहे पनि प्रयोगमा नआएको देखिएको पाइएको सर्वेक्षणका बायोमेडिकल इन्जिनियर भाष्कर रिजालले जानकारी दिनुभयो।

"कोरोना भाइरसको बेला आएका उपकरण अहिले त्यत्तिकै थन्किएर रहेका छन्", उहाँले भन्नुभयो, "पहिला कोरोनाकालमा प्रयोग भएका ती उपकरण अहिले बिरामी नभएपछि त्यत्तिकै प्रयोगमा आएका छैनन्।" यस्तै, सर्वेक्षणमा ती अस्पतालमा रहेका तीन सिटी स्क्यान मेसिन बिग्रेर थन्किएका छन्।

बायोमेडिकल इन्जिनियर रिजालका अनुसार वीर अस्पताल, नेपाल सशस्त्र प्रहरी वल अस्पताल र कोशी अस्पतालमा रहेका सिटी स्क्यान मेसिन बिग्रेका छन्। ती सिटी स्क्यानका अधिकांशको चार्जर बोर्ड, ब्याट्री, टेबल बिग्रेको उहाँले बताउनुभयो। उहाँले कोशी अस्पतालको सिटी स्क्यान बनाउन धेरै नै खर्च लाग्ने भएकाले नबनाउन आग्रहसमेत गरिएको बताउनुभयो। रासस

# बहुप्रकोपीय जोखिम : पूर्वसूचना प्रणाली कार्यान्वयन गर्न करिब रु ८१ अर्ब लाग्ने

काठमाण्डु। बहुप्रकोपिय पूर्वसूचना प्रणाली प्रवर्द्धनका लागि करिब ८१ अर्ब चार करोड ८० हजार (६१४ मिलियन अमेरिकी डलर) लागत लाग्ने प्रारम्भिक अनुमान गरिएको छ। विभिन्न प्राकृतिक प्रकोपका पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउँदै सम्भावित धनजनको क्षति न्यूनीकरण गर्ने लक्ष्यका बहुप्रकोपिय पूर्वसूचनाा प्रणालीलाई एकीकृत गर्ने सरकारी रणनीति कार्यान्वयन गर्न लागत लाग्ने अनुमान गरिएको हो।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (एनडिआरआरएमए) ले बहुप्रकोपीय पूर्वसूचना प्रणालीलाई व्यवस्थित बनाउनका लागि तयारी भइरहेको जनाउँदै यसका लागि रु ८१ अर्ब लागत लाग्ने प्रारम्भिक अनुमान गरेको छ। भविष्यमा आउने विपद्को पूर्वसूचना दिने र सम्भावित जोखिम न्यूनीकरणका लागि प्रतिकार्यात्मक क्षमता अभिवृद्धिमा सहयोग पुग्ने लक्ष्यले बहुप्रकोपीय पूर्वसूचना प्रणाली प्रवर्द्धन गर्ने तयरी भइरहेको प्राधिकरणले जनाएको छ। बाढीसम्बन्धी नेपालमा पूर्वसूचना प्रणालीको विकास भए पनि नेपालमा अन्य प्राकृतिक विपत्तिका पूर्वसूचना दिने प्रावधान छैन। पहिलो पटक बहुप्रकोपीय प्रणालीमा आधारित पूर्वसूचना प्रवाह गर्दै विपद् प्रतिकार्य क्षमता अभिवृद्धि गर्ने लक्ष्यका साथ सरकारले तयारी थालिरहेको छ।

प्राधिकारण कार्यकारी प्रमुख अनिल पोखरेलले विपद्जन्य विभिन्न घटनाबाट हुने धनजनको क्षति कम गर्ने लक्ष्यका साथ बहुप्रकोपीय पूर्वसूचना प्रणाली विकास गर्न आगामी सात वर्षका लागि अनुमानितलागत रु ८१ अर्ब लाग्ने जानकारी गराउनुभएको छ। "नेपालमा बाढीसम्बन्धी पूर्वसूचना विकास भएपछि कयौँ सर्वसाधरणको ज्यान जोगिएको, करौडौं धनजनको क्षति हुनबाट रोकिएका थुप्रै उदाहरण छन्," उहाँले भन्नुभयो, "तर पहिरो, चट्याङ, वन डढेलो, लु, शीतलहर, हिमपहिरो, हावाहुरी, असिनापानी, वायुप्रदूषण जस्ता प्राकृतिक विपत्तिको विषयमा पूर्वजानकारी पाउने गरी कुनै पनि पूर्वसूचना प्रणालीको विकास हुन सकिरहेको छैन। यी प्रकोपबाट पनि धनजनको क्षति बढिरहेकाले यस्ता बहुप्रकोपिय घटनाबाट हुनसक्ने सम्भावित क्षति कम गर्न पूर्वसूचना प्रणाली विकास गर्ने लक्ष्य लिएका हौँ।"

सबै खालका प्रकोपबाट हुने मानवीय तथा आर्थिक क्षति न्यूनीकरण गर्ने लक्ष्यका साथ बहुप्रकोपीय पूर्वसूचना प्रणाली विकासका लागि सम्बन्धित सरोकारवालासँग छलफल भइरहेको उहाँको भनाइ छ। बहुप्रकोपीय सूचना




प्रणालीबाट सङ्कलित सूचनालाई सर्वसाधरणले बुझ्ने गरी स्थानीय भाषामा उपलब्ध गराइने उहाँले जानकारी गराउनुभएको छ।

"हालसम्म हामीले सर्वसाधरणलाई मनसुनी जानकारी र बाढीसम्बन्धी पूर्वसूचना सबैभन्दा बढी मोबाइल एसएमएसको प्रयोगमार्फत सम्प्रेषण गर्दै आइरहेका छौँ। अव थप सूचना सम्प्रेषणलाई पनि व्यवस्थित गर्दै अगाडि बढ्ने योजना बनाएका छौँ," कार्यकारी प्रमुख पोखरेलले भन्नुभयो,"अव विभिन्न सामाजिक सञ्जाल, स्थानीयदेखि राष्ट्रियस्तरका सञ्चार माध्यम, मोबाइल एसएमएसलगायत माध्यमबाट सहज भाषामा सूचना प्रवाह गर्ने छौँ, यसले गर्दा पूर्वसूचनाको प्रभावकारिता थप बढ्न सक्छ र बहुप्रकोपीय घटनाबाट हुनसक्ने क्षति न्यूनीकरण हुने छ।"

उहाँले प्राकृतिक विपद्को हिसाबले जोखिमपूर्ण परिवारको अध्ययन गर्ने र जोखिमको आधारमा उनीहरुको नक्शाङ्कन गर्ने तयारी भएको जानकारी गराउनु भएको छ। "पहिरोका जोखिम भएको क्षेत्रमा कति परिवार बसोबास गरिरहनुभएको होला, कति परिवार बाढीको जोखिममा हुनुहुन्छ, होला।

कतिपय घरपरिवार अन्य प्राकृतिक जोखिम मोलेरै त्यस्ता क्षेत्रमा बसिरहरनुभएको होला," उहाँले भन्नुभयो, "यी र यस्ता बहुप्रकोपिय जोखिमपूर्ण परिवारको तथ्याङ्क निकाल्ने र त्यसको नक्शाङ्कन गरिने योजना छ।" यीलगायत अन्य योजनामा विपद्को अवलोकन, विपद्सम्बन्धी पूर्वसूचना वितरण, विपद् प्रतिकार्य क्षमता अभिवृद्धि गर्नेगरी आगामी योजना तय गरिने बताउनुभयो। तर यी योजना कार्यान्वयनका लागि आगामी ७ वर्षलाई आवश्यकपर्ने ८१ अर्ब लागत जुटाउन भने चुनौती रहेको पनि पोखरेलको भनाइ छ।

जल तथा मौसम विज्ञान विभागका महानिर्देशक डा जगदीश्वर कर्माचार्यले पनि बहुप्रकोपीय पूर्वसूचना प्रणालीमा लगानी बढाउन सकेमा जल तथा मौसमजन्य विपत्तिको प्रकाप न्यूनीकरण प्रभावकारी रुपमा अगाडि बढाउन सकिनेमा जोड दिनुभएको छ। पूर्वसूचना प्रणालीको जरुरी रहेको बताउनुभएको छ। "पूर्वसूचना प्रणालीका लागि १ अमेरिकि डलर खर्च गर्न सक्यौँ भने बाढीपहिरोबाट १० अमेरिकि डलर बचाउन सकिन्छ, तसर्थ पूर्वसूचना प्रणालीमा लगानी बढाउन जरुरी छ," उहाँले भन्नुभयो, "अव हामीले पूर्वसूचनाबाट सर्वसाधरणलाई फाइदा पुग्ने गरी काम गर्न सबैसँग सहकार्य गरेर अगाडि बढ्ने छौँ।"

पूर्वसूचना प्रणालीमा लगानी बढाउन सकेमा अझै बढी विश्वासनीय पूर्वसूचना प्रवाह गर्न सकिने उहाँले बताउनुभयो। विगतमा बाढीको पूर्वसूचना दिने गरिए पनि अन्य विपद् जन्य घटनाको पूर्वसूचना दिन नसकिएको भन्दै आगामी दिनमा त्यसको पनि तयारी भइरहेको उहाँको भनाइ छ। "विषेशगरी हामीले बाढीसम्बन्धी मात्रै पूर्वसूचना उपलब्ध गराउँदै आएका छौँ। तर अबदेखि पहिरो, हिमपहिरोको, लु, वन डडेलो, हावाहुरी, भारी बर्षा, चट्याङ, शीतलहर लगायतका १३ किसिमका विपद् को पूर्वानुमान गरी एसएमएसमार्फत सन्देश प्रवाहको तयारी गरिरहेका छौँ", महानिर्देशक कर्मचार्यले भन्नुभयो।

उहाँका अनुसार टेलिकम कम्पनी टेलिकम र एनसेलले विभागसँगको सहकार्यमा सन् २०१६ देखि बाढीको पूर्वसूचना प्रवाह गर्न निःशुल्क एसएमएस सेवा दिँदै आएको छ।

यसअघि एनसेलसँग मात्रै यसप्रकारको सम्झौता भएकामा अब नेपाल टेलिकमसँग पनि सो सम्बन्धी सम्झौताको तयारी भइरहेको महानिर्देशक कर्माचार्यको भनाइ छ।

"पूर्वसूचना प्रवाहकै कारण मनसुनजन्य विपद्बाट हजारौँ मानिसको ज्यान जोगिएको छ, आर्थिक क्षति पनि कम भएको छ," उहाँले भन्नुभयो, "पूर्वसूचना अझ प्रणालीलाई भरपर्दो र विश्वासनीय बनाउँदै लैजाने छौँ।"उहाँले मौसममा आधारित जोखिमबाट हुने धनजनको क्षति कम गराउन पूर्वसूचना प्रणाली तथा प्रवाहका लागि तीन वटै तहका सरकार, विभिन्न सरोकारवाला निकायबीच सहकार्य गरी अगाडि बढ्न आवश्यक बताउनुभयो। उहाँका अनुसार हाल नेपामला बाढीसम्बन्धी पूर्वसूचनाका प्रणालीहरु १९ र एक सय ७० केन्द्र छन्। 'रियल टाइम' मौसममापन गर्ने केन्द्र भने दुई सय ९० रहेका रहेको उहाँको भनाइ छ। विपद् व्यवस्थापनविद् डा धर्मराज उप्रेतीले पछिल्लो समय बाढीका पूर्वसूचना प्रणाली विकास भएपछि बाढीजन्य क्षति कम भइरहेको भन्दै अन्य विपद्को पनि पूर्वसूचना प्रणाली विकास गर्न सकेमा क्षति न्यूनीकरणमा सहयोग पुग्ने छ।

"बाढीपहिरो र चट्याङ, वन डढेलो जस्ता विपद्का घटनाले सबैभन्दा बढी क्षति गराएको छ, यसकारण हावाहुरी चट्याङ र पहिरो मुख्य नेपालका जलजन्य र मौसमजन्य प्राकृतिक विपद्का घटना हुन्, यसले वर्सेनी धनजनको क्षति गराइरहेको छ," उहाँले भन्नुभयो, "प्राकृतिक विपद्का घटनालाई रोक्न नसके पनि यी विपद्का घटनाबाट हुनसक्ने सम्भावित क्षति धेरै न्यूनीकरण गर्न सकिन्छ।"

तर विपद्का घटना भइसकेपछि भन्दा विपद् अगाडिका पूर्वतयारीका गतिविधिलाई बढी प्रथामिकता दिन सकेमा धनजनको क्षति कम गर्न सक्ने जनाउँदै पूर्व तयारीका गतिविधिमा लगानी बढाउन आवश्यक रहको उहाँको सुझाव छ। "उदाहरणका लागि भूकम्प, आउनुभन्दा अघिको अवस्थामा हामी तयार नै नगर्ने तर भूकम्प गइसकेपछि मात्रै उद्धारका लागि लाग्ने गर्छौँ। बाढीपहिरो जानुभन्दा अघिको समयमा हामी नजाने, बाढीपहिरो गइसकेपछि हामी राहत लिएर जानुपर्छ भन्ने मान्यता राख्छौँ," विपद् व्यवस्थापनविद् उप्रेतीले भन्नुभयो, रु "१० हजार पूर्वतयारीका कार्यक्रममा खर्च गर्न सके विपद्पछि गर्नुपर्ने करिब एक लाख लगानी बचाउन सकिन्छ भने किन नगर्ने ?"

विद्यमान विपद् ऐन, नियमवाली, विपद् व्यवस्थापन तथा न्यूनीकरण नीति, विपद् व्यवस्थापन न्यूनीकरणको संरचना रहेको जनाउँदै उहाँले प्रभावकारी कार्यन्वयन गर्नुपर्नेमा सुझाव दिनुभएको छ। विपद्का पूर्वसूचना प्रणालीको विकासमा ध्यान दिन सकेमा विपद्जन्य घटनाबाट प्रतिकार्यको क्षमता अभिवृद्धि हुने उहाँको भनाइ छ।

जल तथा मौसम विज्ञान विभागले यस वर्षको मनसुनमा देशका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने प्रक्षेपण गरेको छ। यस प्रक्षेपणले यस वर्ष पनि बाढी तथा पहिरो जस्ता मनसुनजन्य घटना बढ्नसक्ने अनुमान गरिएको छ। डा उप्रतीले यो आगामी मनसुन अवधिमा पहिरोजस्ता मनसुनजन्य विपद् बढ्नसक्ने जनाउँदै पूर्वतयारी र प्रतिकार्यका लागि समयमा नै सचेत रहनुपर्ने जानकारी दिनुभएको छ।

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : नयाँ कार्य हुने। |
| बृष | : बौद्धिक क्षमता। |
| मिथून | : प्रतिभा सम्पन्नता। |
| कर्कट | : शिक्षामा उन्नति। |
| सिंह | : पारिवाहिक सुख। |
| कन्या | : धन वृद्धि सञ्चय। |
| तुला | : प्रेम प्रसंग, मित्र सुख। |
| वृश्चिक | : सुख समृद्धि हुने। |
| धनु | : भ्रमण अवसर हुने। |
| मकर | : अवसर प्राप्त। |
| कुम्भ | : वाद विवादबाट बच्नु। |
| मीन | : पुरस्कार प्राप्त लाभ। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# स्वास्थ्य बीमा गराउनेको संख्यामा बृद्धि



**टुडे समाचारदाता**

वीरगञ्ज । पछिल्लो समयमा मधेश प्रदेसमा स्वास्थ्य बीमा गराउनेको संख्या क्रमशः बढ्दै गएको छ

सरकारी अस्पतालमा उपचार गराउँदा १० प्रतिशत र निजी अस्पतालमा उपचार गराउँदा २० प्रतिशत खर्च बिरामीले गर्नुपर्नेछ भने त्यसको बाँकी खर्च बीमा बोर्डले व्यहोर्ने प्रावधान लागु भएपछि स्वास्थ्य बीमा गराउनेहरुको संख्या बढ्दै गएको छ । मधेश प्रदेशमा स्वास्थ्य बीमा कार्यक्रममा समावेश हुनेको संख्या क्रमशः बढ्दै गई रहेको स्वास्थ्य बीमा बोर्ड मधेश प्रदेशका संयोजक मनोज पौडेलले दावी गरे।

उनका अनुसार प्रदेशमा अहिलेसम्म २ लाख ५१ हजार १ सय ७२ परिवार संख्याले स्वास्थ्य बीमा गराएका छन् । सबैभन्दा बढी सिराहामा १ लाख २२ हजार २ सय ७१ पुगेको छ, भने सर्लाहीमा सवै भन्दा कम कम ४० हजार ६ सय ६८ सर्लाहीमा रहेको छ । यसैगरी सप्तरीमा ९४ हजार २० र धनुषामा ५४ हजार ९ सय ६७, महोत्तरीमा ४९ हजार २ सय ५७, रौतहटमा ८३ हजार ६ सय २२, बारामा ६८ हजार २ सय ३८ र पर्सामा ९१ हजार ६ सय २४ जनाले स्वास्थ्य बीमा गराएको बोर्डको तथ्याङ्कले देखाएको छ

पुराना बिमितहरुमध्ये करिब ५८.४९ प्रतिशत भन्दा बढीले स्वास्थ्य बीमा नवीकरण गर्ने गरेका छन् । स्वास्थ्य बीमामा सहभागी हुन पाँच जना सदस्य भएको परिवारले वार्षिक तीन हजार पाँच सय प्रिमियम रकम तिर्नुपर्छ भने, पाँच जनाभन्दा बढी सदस्य भए एक सदस्य बराबर थप सात सयका दरले वार्षिक प्रिमियम बुझाउनुपर्ने प्रावधान रहेको संयोजक पौडेलले बताए। बिमित परिवारका सदस्य बिरामी हुँदा एक लाख बराबरको उपचार शुल्क स्वास्थ्य बीमा बोर्डले अस्पताललाई भुक्तानी गर्दै आएको छ। कति अस्पतालमा सरकारले बीमा वापतको रकम समयमा नदिँदा सो अस्पतालबाट बीमाको कार्यक्रम नै राकिएको अस्पतालहरुले जनाएको छ। बाराको कलैयामा स्वास्थ्य बीमा सम्वन्धी आधारभूत तथा पूनर्ताजगी तालिम सम्पन्न भएको छ।

सामाजिक स्वास्थ्य सुरक्षा अन्तर्गतको स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत कार्यक्रमका दर्ता सहयोगीहरुको आधारभूत तथा पूनर्ताजगी ४ दिने तालिम जिल्ला संयोजक रमेश खनियाको अध्यक्षतामा आज सम्पन्न भएको हो ।

# दुई करोड ४३ लाख राजस्व संकलन

**टुडे समाचारदाता**

कलैया । जिल्ला ट्राफिक प्रहरी कार्यालय बाराले चालु आर्थिक वर्षको १० महिनामा दुई करोड ४३ लाख १५ हजारभन्दा बढी राजस्व सङ्कलन गरेको छ।

कार्यालयका प्रमुख प्रहरी निरीक्षक रामकुमार महतोले चालु आवको साउनदेखि वैशाखसम्मका १० महिनामा ट्राफिक नियम उलङ्घन गर्ने २८ हजार तीन सय सवारीसाधनलाई कारबाही गरी दुई करोड ४३ लाख १५ हजार पाँच सय राजस्व सङ्कलन भएको जानकारी दिए।

त्यस अवधिमा सहरी सडकमा ८७ वटा, ग्रामीण सडकमा ८४ र राजमार्ग सडकमा २१ गरी एक सय ९२ सवारीसाधन दुर्घटना भएका थिए। महतोले दुर्घटना न्यूनीकरणका लागि ट्राफिक नियमसम्बन्धी प्रयोगात्मक अभ्याससहित चेतनामूलक कार्यक्रमसमेत संचालन गरिएको बताए।

त्यसैगरी ट्राफिक नियम उलङ्घन गर्ने सवारीचालकलाई कारबाही, चालक र बटुवालाई ट्राफिक नियमबारे जानकारी, सडकछेउमा गरिने व्यापार गर्नेहरूलाई व्यवस्थापनालगायतका काम गर्न सरोकार भएका निकायसँग समन्वयको काम पनि भइरहेका पौडलले जानकारी दिए।

# धनौजी गाउँपालिकामा महिला अधिकार मञ्च गठन



**टुडे समाचारदाता**

जनकपुरधाम । सामाजिक रुपान्तरणका लागि महिला सशक्तिकरण कार्यक्रम अन्तर्गत स्थानीय तहमा पालिकास्तरीय महिला अधिकार मञ्चको गठन गरिएको छ।

धनुषाको धनौजी गाउँपालिकाको बहुअर्वामा सोमबार भएको महिलाहरुको भेलाबाट चाँदनी मण्डलको अध्यक्षतामा १७ सदस्यीय कमिटी गठन गरिएको छ।

समाज उत्थान युवा केन्द्रको आयोजनामा दुई दिनसम्म भएको महिलाहरुको भेलाबाट महिला अधिकार मञ्च धनौजी गाउँपालिका कमिटीको अध्यक्षमा मण्डल, उपाध्यक्षमा रुबी कुमारी साह, सचिवमा गायत्री देवी पण्डित, सहसचिवमा रेखा मुखिया र कोषाध्यक्षमा पिंकी कुमारी ठाकुर रहेकी छन् ।

त्यस्तै सदस्यहरुमा रेणुकुमारी साह, सुधिरा देवी पण्डित, अनिता देवी पण्डित, सुधिरा प्रभा पण्डित, हिरा देवी पण्डित, गीता राउत बेल्दार, प्रियंका कुमारी यादव, नेहा राउत, आरती कुमारी पण्डित, जयमाला ठाकुर र रबिला खातुन रहेकी छन्।

महिलाहरुको भेलाबाट महिला अधिकार तथा सामाजिक रुपान्तरण अभियानमा सक्रियरुपमा घरेलु हिंसा, लैंगिक हिंसा विरुद्ध एकजुट भएर आफ्नो अधिकारका लागि आवाज उठाउने र न्यायका लागि पहल लिइने नवगठित महिला अधिकार मञ्च धनौजी गाउँपालिका कमिटीकी अध्यक्ष मण्डलले बताइन्।

# अपांगता भएका व्यक्तिलाई प्रशिक्षक प्रशिक्षण

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेशका अपांगता भएका मधेशी समुदायको समानता र समावेशीताका लागि संघर्ष गरिरहेका अभियन्ताहरुलाई तीन दिवसीय प्रशिक्षक प्रशिक्षण सम्पन्न भएको छ।

जनकपुरधाममा सोमबार सम्पन्न भएको सो तालिममा सहभागीहरुलाई दिगो विकासको स्थानीयकरणका निम्ति मधेशी अपांगता भएका व्यक्तिहरुको




संघसंस्थाका नेतृत्वहरुलाई अपांगता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धि र दिगो विकासका लागि २०३० एजेण्डा तथा दिगो विकास लक्ष्यहरु सम्बन्धी प्रशिक्षण दिइएको आयोजक संस्थाका अध्यक्ष शत्रुघनलाल कर्णले जानकारी दिए।

प्रशिक्षणको समापन सत्रमा बोल्दै मुख्य प्रशिक्षक तथा डिआरएफका नेपाल प्रमुख कृष्ण गहतराजले पालिकास्तरमा मधेशी अपांगता भएकाहरुको हकहितका लागि समानताहरुसंग समन्वयमा संवादको माध्यमले समाजमा स्थापित हुन आग्रह गरे।

समापन सत्रमा राष्ट्रिय अपाङ्ग महासंघ मधेश प्रदेशका अध्यक्ष किरण पासमान, राष्ट्रिय अपांग महिला पुनर्स्थापना केन्द्रका अध्यक्ष बिना चौधरी लगायत मधेश प्रदेशका जिल्लाहरुका अपांगतासंग जोडिएका संस्थाका पदाधिकारीहरुको सहभागिता रहेको थियो।

# जलेश्वर कारागार जीर्ण




**टुडे समाचारदाता**

जलेश्वर । जलेश्वरस्थित महोत्तरीकारागारभवनमर्मतसम्भारको अभावमा जीर्ण बनेको छ।

भवन पुरानो भएकाले छत उप्कने, पर्खालको इँटा चोइटिने र मक्किएका दलिनबाट धमिराले खाएको धुलो झर्ने थालेपछि जोखिम बढेको कैदीबन्दीले गुनासो गरेका छन् ।

विसं १९१३ सालमा निर्मित कारागारमा एक सय ३५ जनालाई राख्न सकिने भए पनि हाल पाँच सयभन्दा बढी संख्यामा कैदीबन्दी राखिएका छन् । कारागार प्रमुख (जेलर) रामचन्द्र साहले क्षमताभन्दा बढी कैदीबन्दी भए पनि सोअनुसार व्यवस्थापन नहुँदा समस्या भएको बताए।

उनका अनुसार कारागारमा रहेका पाँच सय ९४ कैदीबन्दीका लागि २४ कोठा, १५ शौचालय, सातवटा चापाकल र छवटा धारा छन् तर क्षमताभन्दा चौब्बर बढी कैदीबन्दी हुँदा सुत्न, बस्न र नित्यकर्म गर्नसमेत समस्या छ । "करिब डेढफिट चौडा कोठामा धेरै कैदीबन्दीको व्यवस्थापन गर्नुपर्दा धेरै समस्या छ। पछिल्लो समय कारागारलाई सुधारगृहको अवधारणाअनुसार विकास गर्नुपर्नेमा पठनपाठन, खेलकुद र मनोरञ्जनको व्यवस्थाका लागि सोच्न सकिएको छैन", उनले भने।

प्रदेश राजधानी रहेको धनुषामा कारागार नहुँदा त्यहाँको चाप पनि यही कारागारले धान्नुपरेको छ। कुल कैदीबन्दीमध्ये ६० प्रतिशतभन्दा बढी धनुषाकै कैदीबन्दी रहेका छन्। "हामीले कारागारको भौतिक अवस्था र कैदीबन्दीको चाप, पूर्वाधारलगायत समस्याबारे माथिल्लो निकायमा दैनिकजसो जानकारी गराइरहेका छौं तर सुनुवाइ भएको छैन", कारागार प्रमुख साहले गुनासो गरे।

जलेश्वरमा कारागारसँग छ बिघा ११ कट्ठा १७ धुर जग्गा छ। सो जग्गामा सुविधा सम्पन्न भवन तथा खुला कारागारको अवधारणाअनुसार पूर्वाधार निर्माण गर्न माथिल्ला निकायमा प्रस्ताव पठाइएकाले त्यसको कार्यान्वन हुनुपर्ने साहले बताए।


## खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि.
मधेश प्रदेश, प्रादेशिक कार्यालय, जनकपुरधाम

## बकेट एलिवेटर र बकेट प्लाटफर्म खरिद सम्बन्धी गोप्य सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/०२/०८

श्री खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि., जनकपुरधाममा सञ्चालनमा रहेको १ टनको मिलको स्तरोन्नति गर्ने कार्यका लागि बकेट एलिभेटर परिवर्तन बकेट एलिभेटर प्लाटफर्म खरिद गर्नुपर्ने भएकोले खरिद कार्यका लागि न्यूनतम मूल्य भ्याटसहित रु. १९,६५,२९६।- (अक्षरेपी : उन्नाइस लाख पैसठी हजार दुई सय छयान्बे मात्र) मा नबढने गरी ईच्छुक ईजाजत प्राप्त फर्म, संस्था वा कम्पनीबाट गोप्य सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ । दरभाउपत्र दाताले धरौटी वापतको रकम रु. ५८,९६०।- (अक्षरेपी : अन्ठावन्न हजार नौं सय साठी मात्र) कम्पनीको कार्यालय, जनकपुरधाममा नगदी जम्मा गरेको नगदी रसिद वा कम्पनीको कार्यालय, जनकपुरधामको नाममा नेपाल बैंक लिमिटेड सिटि अफिस जनकपुरधाममा रहेको च.हि.नं. ००८००१००४६४३१४००००००१ वा राष्ट्रिय वाणिज्य बैंक भानु चौकको च.हि.नं. १२२०१०००००१५६४००१ मा नगदै जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नुपर्नेछ। दरभाउपत्र खरिद गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक विदा पर्ने गएमा सो को भोलिपल्ट वा कार्यालय खुलेको दिन तल उल्लेखित समयमा उक्त कार्य हुनेछ। यस सम्बन्धमा विस्तृत जानकारीका लागि कार्यालय समय भित्र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि., जनकपुरधाममा सम्पर्क गर्न सकिनेछ।

**उक्त बकेट एलिभेटरका स्पेशिफिकेशन निम्नाअनुसार हुनुपर्ने छ ।**

(1) Bucket elevator height = 16 ft
(2) Number of Bucket Elevator = 7 No.
(3) Bucket elevator belt material = Nylon type
(4) Bucket size = 5 inch HDEP
(5) Bucket elevator motor specification = 1 HP geared motor
(6) Bucket elevator platform size = 45ft*5ft

**सिलबन्दी दरभाउपत्र दाखिला गर्ने इच्छुक ईजाजत प्राप्त फर्म संस्था वा कम्पनीले पेश गर्नुपर्ने आवश्यक कागजातहरू :-**

(१) फर्म, संस्था वा कम्पनीको दर्ताको प्रमाण पत्रको प्रतिलिपी ।
(२) फर्म, संस्थ वा कम्पनीको भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
(३) आ.व. २०८०/०८१ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।
(४) फर्म, संस्था वा कम्पनीको प्रो. को नागरिकताको प्रतिलिपी ।

**दरभाउपत्र फाराम रू. १०००।- मात्र (फिर्ता नहुने)**

**खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड**
**प्रादेशिक कार्यालय, मधेश प्रदेश, जनकपुरधाम**
**मो.नं. ९८५४०२७२४७, ९८०६८७१०१६**



## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना

प्रकाशित मिति: २०८१/०२/०८

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय विद्यापती चोक, जनकपुरबाट तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले तपाई ऋणीलाई मिति २०८०/०६/१८ गते को नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतिस) दिने सार्वजनिक सूचना र मिति बि.सं. २०८०/०९/०२ गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ८ (आठौं) दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय बिद्यापती चोक, जनकपुर मा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ । सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ । सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्धा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ ।

**तपसिल**

**१. कर्जा शिर्षक : अधिविकर्ष कर्जा**
**ऋणीको नाम : सोनी किराना**
रजिष्टर्ड ठेगाना : जनकपुर -१२, धनुषा ।
रजिष्ट्रेशन नं. : ६२३३/५०४/०७०/०७१ (नेपाल सरकार वाणिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य विभाग)
प्यानदर्ता नं. : ६०२३६९८३१

**प्रोप्राईटरको नाम र ठेगाना**
नाम : लक्ष्मण प्रसाद साह
बाबु : छोटे साह तेली
बाजे : जुगेश्वर साह
ठेगाना : जनकपुर -०३, धनुषा
हाल : जनकपुरधाम उप.म.न.पा .-०३, धनुषा
ना.प्र.नं. : ३९६९६४९०
जारी मिति : २०६०/११/०४
जि.प्र.का : धनुषा

**जमानीकर्ताहरुको नाम र ठेगाना**
१. नाम : इन्दर देवी साह तेली
ससुरा : जुगेश्वर साह
पति : छोटे साह तेली
बाबु : जैसी साह
ठेगाना : जनकपुर-०३, धनुषा
हाल : जनकपुरधाम उप.म.न.पा.-०३, धनुषा
ना.प्र.नं. : ३९६९१०२९
जारी मिति : २०३७/०३/२३
जि.प्र.का : धनुषा

२. नाम : विजेता कुमारी
ससुरा : छोटे साह तेली
पति : लक्ष्मण प्रसाद साह
बाबु : बली साह
ठेगाना : जनकपुर-०३, धनुषा
हाल : जनकपुरधाम उप.म.न.पा.-०३, धनुषा
ना.प्र.नं. : १७११०२/८३३२
जारी मिति : २०७०/०२/१३
जि.प्र.का : धनुषा

**धितो राखिएको सम्पत्तिको विवरण**
**१. धितो सुरक्षण धनीको नाम : इन्दर देवी साह**

| | |
|---|---|
| जिल्ला | धनुषा |
| न.पा./गा.वि.स. | बसहिया |
| वडा नं/नक्सा सिट | ९ |
| कि.नं. | २६२६ |
| क्षेत्रफल (विगाहा) | ०-०-१८-१२ |
| कैफियत | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत । |

**२. धितो सुरक्षण धनीको नाम : लक्ष्मण प्रसाद साह**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं/नक्सा सिट नं. | कि.नं. | क्षेत्रफल (विगाहा) | कैफियत |
|---|---|---|---|---|---|
| धनुषा | जनकपुर | १२/ १४३६२२ | ११९ | ०-०-३-० | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत । |
| | | | ११८ | ०-०-५-० | |

माथि उल्लेखित अचल सम्पत्तिका अतिरिक्त यस बैंकलाई पठाएको मौज्दातको विवरण अनुसारको स्टक मौज्दात लगायत कम्पनीले उठाउन बाँकी सम्पूर्ण रकम कलम (Entire Receivables) सहित ।

**२. कर्जा शिर्षक : सिटिजन्स मोर्गेज लोन-अधिविकर्ष कर्जा**

**ऋणीको नाम र ठेगाना**
नाम : लक्ष्मण प्रसाद साह
बाबु : छोटे साह तेली
बाजे : जुगेश्वर साह
ठेगाना : जनकपुर -०३, धनुषा
हाल : जनकपुरधाम उप.म.न.पा .-०३, धनुषा
ना.प्र.नं. : ३९६९६४९०
जारी मिति : २०६०/११/०४
जि.प्र.का : धनुषा

**जमानीकर्ताहरुको नाम र ठेगाना**
१. नाम : इन्दर देवी साह तेली
ससुरा : जुगेश्वर साह
पति : छोटे साह तेली
बाबु : जैसी साह
ठेगाना : जनकपुर-०३, धनुषा
हाल : जनकपुरधाम उप.म.न.पा.-०३, धनुषा
ना.प्र.नं. : ३९६९१०२९
जारी मिति : २०३७/०३/२३
जि.प्र.का : धनुषा

२. नाम : विजेता कुमारी
ससुरा : छोटे साह तेली
पति : लक्ष्मण प्रसाद साह
बाबु : बली साह
ठेगाना : जनकपुर-०३, धनुषा
हाल : जनकपुरधाम उप.म.न.पा.-०३, धनुषा
ना.प्र.नं. : १७११०२/८३३२
जारी मिति : २०७०/०२/१३
जि.प्र.का : धनुषा

**धितो राखिएको सम्पत्तिको विवरण**
**१. धितो सुरक्षण धनीको नाम : इन्दर देवी साह**

| | |
|---|---|
| जिल्ला | धनुषा |
| न.पा./गा.वि.स. | बसहिया |
| वडा नं/नक्सा सिट | ९ |
| कि.नं. | २६२६ |
| क्षेत्रफल (विगाहा) | ०-०-१८-१२ |
| कैफियत | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत । |

**२. धितो सुरक्षण धनीको नाम : लक्ष्मण प्रसाद साह**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं/नक्सा सिट नं. | कि.नं. | क्षेत्रफल (विगाहा) | कैफियत |
|---|---|---|---|---|---|
| धनुषा | जनकपुर | १२/ १४३६२२ | ११९ | ०-०-३-० | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत । |
| | | | ११८ | ०-०-५-० | |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्याद भित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मुल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन ।


**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को प्रधान कार्यालय नारायणहिटी पथ, दरबारमार्ग वा शाखा कार्यालय बिद्यापती चोक, जनकपुरमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

**लिलाम खोलिने मिति :- २०८१/०२/१६ गते, बुधबार**
**समय :- दिउँसो ४:०० बजे**
**स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय बिद्यापती चोक, जनकपुर ।**

Citizens Bank

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# निक्षेप फिर्ता हुनुपर्छ

सहकारीमा अर्बौ आर्थिक अनियमितता भएको ठहर भइसकेपछि त्यसको छानबिन गरी रकम अपचलन गर्नेहरुबाट सर्वसाधारण निक्षेपकर्ताको बचत फिर्ता गराउनुपर्छ । लाखौं सर्वसाधारणले सहकारीमा बचत गरेका छन् । हजारौ सहकारी संस्था समस्याग्रस्त छन् । सहकारी संस्थाहरुमा सर्वसाधारणले थोरै बचतको एकमुष्ट प्रतिफल पाउने विश्वासका साथ दैनिक, मासिक र वार्षिक रुपमा बचत गर्दै आएका छन् । तर सहकारीका सञ्चालकहरुले सर्वसाधारणको बचत रकम फिर्ता न गरी अपचलन गरेका छन् । सहकारीमा राखिएको अर्बौ रुपैयाँ अपचलन गरिएको प्रयाप्त प्रमाणहरु छन् । त्यो प्रमाणहरुको आधारमा सरकारले बचतकर्ताहरुको रकम सहकारीका सञ्चालकहरुसित भराउनु पर्छ । सहकारीको रकम हिनामिना गर्नेहरु मध्ये केही पक्राउ परेका छन् । केहीको खोजी भइरहेको प्रहरीले जनाएकोछ। तर निक्षेपकर्ताले जम्मा गरेको रकम सरकारले फिर्ता दिलाउन पहल गरी भुक्तानी गराउनु पर्छ । सहकारीमा निक्षेप जम्मा गर्ने अधिकांश साना व्यवसायी, मजदुरी गरी जीविकोपार्जन गर्ने मजदुर, साना किसान, गृहिणीहरु प्रायः हुन्छन् । दैनिक रुपमा केही रकम बचत गरी सहकारीमा दिनहुँ जम्मा गर्ने, साप्ताहिक रुपमा रकम जम्मा गर्ने अथवा मासिक रुपमा रकम जम्मा गर्ने निक्षेपकर्ताहरु नै अधिकांश सहकारीका ग्राहक छन् । सहकारीहरुले बचत संकलनका लागि महिला, पुरुष एजेन्टहरु खटाएका हुन्छन् । उनीहरुले सर्वसधारणलाई बचतबाट हुने फाइदा र एकमुष्ट रकम भुक्तानी पाउँदा थपिएर आउने रकमबारे जानकारी दिएका हुन्छन् । घरमै गएर रकम संकलन गरी सहकारीमा जम्मा गरिदिने कारण पनि बचतकर्ताहरु सहकारीमा निक्षेप जम्मा गर्न सहज महसुस गर्छन् । थोरथोरै रकम दिनहुँ जम्मा गरी एकमुष्ट प्राप्त हुने रकमबाट ठोस कार्य गर्ने योजना बनाएका लाखौं बचतकर्ताहरुलाई सहकारी सञ्चालकहरुले डुबाएका छन् । यस प्रकरणमा उपप्रधान एवं गृहमन्त्री रवि लामिछाने उदाहरणीय बन्नुपर्छ । उनी प्रबन्ध निर्देशक रहेको गोर्खा मिडिया प्रा.लि.ले करोडौ रकम सहकारीबाट लिएको देखिन्छ । कम्तिमा सो रकम लामिछानेले फिर्ता गराइदिए हजारौ निक्षेपकर्ताले राहत पाउने छन् । लामिछानेको इमान्दारीतामाथि शंका गर्नुपर्दैन् । उनी देशका गृहमन्त्री हुन् । प्रतिनिधि सभा र राष्ट्रिय सभामा विपक्षी दलका सांसदहरुले सहकारीको रकम अपचलन गर्नेमा लामिछानेको समेत संलग्नता रहेको यथेष्ठ प्रमाणहरु प्रस्तुतगर्दै छानबिनगर्न मागगरिरहेका छन् । उनीहरुले संसदलाई समेत चल्न दिएको छैन् । संसदमा लामिछानेलाई बोल्न दिन कांग्रेस सहमत भएपछि छानबिन समिति गठन हुने प्रतिबद्धताबाट सत्तापक्ष पछाडि हटेको छ । छलछाम गरेर सत्तामा रहिरहनु भन्दा सहकारीको छानबिन गराइ दोषी उपर कारवाहीको प्रक्रिया अगाडि बढाउनु पर्छ । सहकारीमा जम्मा रहेको सर्वसाधारणको निक्षेप फिर्ता हुनुपर्छ ।

# संसद, विश्वास मत र भ्रष्टाचारको दोहोरी



**रोशन जनकपुरी**

कृष्ण बिहारी नूरको एउटा गजलको मतला र एउटा शेरबाट थालनी गरौं :

*"जिन्दगी से बडी सजा ही नहीं,*
*और क्या जुर्म है पता ही नहीं ।*
*इतने हिस्सों मे बँट गया हुँ मै,*
*मेरे हिस्से मे कुछ बचा ही नहीं ॥"*

वर्तमान संसदिय राजनीतिमा राजनीतिक दलहरुको चालामाला देखेर आफ्नो दिन सुध्रने आशा, अपेक्षा गर्ने आम जनसमुदायको भौतिक र मनोवैज्ञानिक अवस्थासंग माथी उल्लेखित शायर ीसटिक मेल खान्छ । संसदमा जसरी राजनीतिक दलहरु राताराता पक्ष र बोली फेर्ने गर्छन्, पार्टी फुट्ने गर्छ, रातारात गाली गरिरहेको दल मित्रमा र मित्र दल शत्रुमा परिणत हुन्छ, त्यसले पार्टी कार्यकर्ता, समर्थक र आम जनसमुदायको सौंचलाई चक्करघिन्नी जस्तै नचाई रहेको छ । आफूले मन पराएको र भोट दिएको पार्टी र नेता हेर्दाहेर्दै उही गाली गरेको नेता र पार्टीसंग घाँटी जोडन गएपछि, भएन त जस्तो ? यस्तो अविश्वसनीय र अस्थिर राजनीतिक माहौलमा के ठीक के बेठीक, अनुमान गर्नै गाह्रो छ । र यो अविश्वनीयता र अस्थिरता पटक पटक दोहोरिन थालेपछि ठूलादेखी सानासम्मका कार्यकर्ता र समथर्क पंक्तिले आफ्नो मन र विवेकलाई एउटा कुना थन्काउँछ र भविष्यको सम्भावनालाई विचार गर्दै स्पेस बचाएर राख्छ । कदाचित उसको पार्टी र नेताले पक्ष फेर्‍यो भने उसलेपनि अर्को कित्ताको पार्टी र नेतालाई फकाउन सकोस । यस्तोमा जनसमुदायमा राजनीति, दलहरु र नेताहरुसंग कुनै वर्गीय र सामुदायिक अपेक्षा र आशा बाँकी रहँदैन । रहन्छ भने मात्र स्वार्थ र अवसरवादिता । "इतने हिस्सौं मे बँट गया हुँ मै, मेरे हिस्से मे कुछ बचा ही नहीं ।"

वर्तमान संसदमा राजनीतिक दलहरुको चरित्र हेर्ने हो भने सत्ता स्वार्थ र अवसरवादिता बाहेक अरु केही देखिँदैन । पार्टीहरु क्लबभन्दापनि गए गुज्रे जस्ता देखिन्छन्, जहाँ जनसरोकार, वैचारिकता तथा वर्गीयता एकादेशका कथा जस्तो हुँदै गएका छन् । अब एकजुटता तथा दूरीको कारण वैचारिकता र जनपक्षधरता होइन, सत्ता स्वार्थ र मौद्रिक लेनीदेनीको अनुकूलता र प्रतिकूलतामा निर्भर गर्छ । फेरी नग्न कति भने सबै छर्लङ्गै देखिने । मानौं समग्र संसद नाङ्गाहरुको यस्तो अभयारण्य होस, जहाँ सबै एक अर्काको नाङ्गोपनामा हाँस ठट्टा गर्दै मोज गरिरहेका छन् । यस पटकको संसदका कयौं आयाम हुनसक्छन्, तर एउटा आयाम एक अर्कालाई गिज्याउँदै भ्रष्टाचारको नग्नतापनि हो ।

नेपालको संसदिय राजनीतिमा गठबन्धन सरकार जसरी संस्कृतिको रुपमा विकसित भएको छ, त्यसमा अस्थिरता स्वाभाविक नै हो । यस्तो अस्थिरतामा भ्रष्टाचारपनि स्वाभाविक नै हो । तर विगत केही वर्षदेखी भ्रष्टाचारमा मुछिएका मन्त्री र सांसदहरु हाकाहाकी एक अर्कालाई आरोपित गर्दै, नङ्ग्याउँदै छन्, रपनि पार्टी र नेताहरु यस्तालाई जसरी हाकाहाकी संरक्षण गरिरहेको देखिन्छन्, त्यो भद्दा राजनीतिक मजाक जस्तो भएको छ । यस पटक यस्तै भ्रष्टाचारको दोहोरी बीच प्रधानमन्त्री प्रचण्डले विश्वासको मत लिएका छन् । प्रतिनिधि सभाको दोस्रो कार्यकालको सोह्र महिनामा प्रधानमन्त्रीले विश्वासको मत लिएको यो चौथो पटक हो ।

संसदीय राजनीतिको अस्थिरतालाई मसालेदार मनोरंजक दृश्य मान्नेहरुको निम्ति यस पटकको संसदीय दृश्यहरु खूब रमाइला छन् ।प्रमुख प्रतिपक्ष नेपाली काँग्रेस गृहमन्त्री रवि लामिछानेलाई सहकारी ठगी प्रकरणमा सबूत प्रमाण सहित भ्रष्टाचारी आरोपित गर्दै संसद चल्न नदिने भनेर लगातार नाराबाजी गरिरहेको छ । हरेक दिन संसदको बैठक शुरु हुन्छ, नाराबाजी गरिरहका नेका सांसदहरु संग सभामुखले बस्न आग्रह गर्छन् । नाराबाजी जारी रहन्छ, र यसै निहुँमा सभामुखले बैठक स्थगित भएको घोषणा गर्छन् । नेकाको मुद्दा यस्तो देखिन्छ मानौं ऊ कुनैपनि अवस्थामा संसद चल्न दिने पक्षमा छैन । गृहमन्त्रीमाथी लगाइने आरोपको निम्ति संसदीय छानबीन कमिटी न बनाएसम्म नमान्ने अडान कतिसम्म भने गृहमन्त्रीलाई संसदमा बोल्नसम्म न दिने । अर्कोतर्फ सत्तापक्ष गृहमन्त्री लामिछानेमाथी संसदीय समिति कुनैपनि हालतमा बन्न नदिने पक्षमा देखिन्छ । अझ नेकपा (एमाले) अध्यक्ष केपी ओली आवश्यक परे प्रतिपक्षी दललाई पेलेर जाने पक्षमापनि देखिन्छन् । निकासको कुनै बाटो नै देखिँदैन ।

अर्कोतिर संसदीय मञ्चनको अन्तर्य दृश्य : पार्टी विभाजनपछि जसपा नेपालले प्रधानमन्त्री प्रचण्डको सरकारबाट समर्थन फिर्ता लिन्छ र विभाजित भएर बनेको अशोक राई नेतृत्वको जनता समाजवादी पार्टी (जसपा)लाई मान्यता नदिन सर्वोच्च अदालतमा रीट दर्ता गराउँछ । परिणामतः विभाजित जसपाको मान्यता खारेज भएर सरकार अल्पमतमा पर्ने सम्भावित संकटमा प्रचण्ड सरकार देखिन्छ । यसैकारण उनले सर्वोच्च अदालतको निर्णय आउनुभन्दा पहिले नै विश्वासको मत लिने प्रस्ताव संसदमा दर्ता गराए ।यस्तोमा प्रतिपक्षले संसद अवरुद्ध गर्नु अर्को समस्या थियो ।

यसै उथलपुथल बीच सभामुख र सत्तापक्षले प्रतिपक्षी दलका नेताहरुसंग छलफल गर्‍यो । प्रतिपक्षको भाषा र मुद्दा भने फेरिएन । तर गृहमन्त्री लमिछानेले आफ्नो धारणा राख्ने मौका पाए । र शुरु भयो भ्रष्टाचारको दोहोरी । गृहमन्त्रीले आफू संसदीय जाँचको निम्ति तयार रहेको, तर यसभन्दा पहिले विभिन्न पार्टीका नेता, मन्त्रीहरु बारे मिडियामा उठेका भ्रष्टाचार र आर्थिक अनियमितताहरु बारेपनि छानबीन समिती गठन गर्नु पर्ने शर्त राखे । यस क्रममा उनले नेका महासचिव गगन थापा, टेकबहादुर गुरुंग लगायतका कयौं नेताहरु माथी उठेको भ्रष्टाचारका प्रकरणहरुको चर्चा गरे । उल्लेखनीय छ, उनले प्रतिपक्षी दलसंग जोडिएको प्रकरणहरुको मात्र चर्चा गरे । होइन भने सत्तापक्षीय दलहरुको बारेमा समेत भ्रष्टाचारको गम्भीर आरोप प्रशस्त लाग्ने गरेका छन्, जस्को बारेमा उनले कुनै चर्चा गरेनन् ।सभामुखले प्रतिपक्षलाई जवाफ फर्काउन दिएन । यसपछि प्रतिपक्ष झन् आक्रोशित देखियो । त्यसपछि प्रतिपक्षले पत्रकार सम्मेलन गरेर आफ्नो पक्ष सार्वजनिक गर्‍यो र गृहमन्त्रीले आरोपित गरेको सबै प्रकरणमा छानबीन समिति गठन गर्न चुनौती दियो । बितेको आइतवार र यो लेख लेखिएको सोमवार संसदमा भएको प्रत्यक्ष घटनाहरु बारे त तपाई समाचारहरुमा पनि पढनु हुनेछ । तर रोचक दृश्य सोमवार मञ्चन भयो संसदमा :

जेठ ७ गते, सोमवार, संसदमा प्रतिपक्षी नेकाका केही सांसदले नाराबाजी शुरु गरे, मर्यादापालकहरुले उनिहरुलाई वेलमा घेराबन्दीमा पार्‍यो । प्रधानमन्त्री प्रचण्ड घेराको छेउ हुँदै रोस्टममा पुगेर विश्वासको मत दर्ता गरे, सत्तापक्षीय घटकको सबैभन्दा ठूलो दल एमालेको तर्फबाट सांसद विष्णु पौडेलले समर्थनमा वक्तव्य दिए र सभाभुखको आदेशमा मतविभाजनको प्रक्रिया सम्पन्न भयो । प्रतिपक्ष वेलमा धेराबन्दीमा यान्त्रिकरुपमा नाराबाजी गरिरह्यो । मतदानमा भागलिएको १५८ मध्ये १५७ जन सांसदहरुले सरकारलाई समर्थन गरेर प्रचण्ड सरकारको विश्वास मत पारित गर्‍यो ।

> संसदमा सत्ता र प्रतिपक्ष दुबैको अन्तरभावमाथी विचार गर्ने हो भने दुबे पक्षले एक अर्कामाथी भ्रष्टाचारको आरोप त लगाउँछन्, तर भ्रष्टाचारीले सजाय पाउन भनेर अन्तिमसम्म निर्णायक संघर्ष गर्ने भाव कसैमा देखिँदैन । यस्को एउटै कारण छ, चुनाव होस वा समानुपातिक वा राष्ट्रिय सभा करोडौं करोड लगानी गरेर संसदमा पुगेको पार्टी र नेताले इमान्दारीपूर्वक लगानी उठाउनै सक्दैन ।

अब प्रतिपक्षले सरकारलाई मिचाहा र सभामुखलाई सरकारको रबर स्ट्याम्प भनेर आक्रोश पोख्दै छ, र संसद कुनैपनि हालतमा चल्न न दिने अडान दोहोर्‍याउँदै छ । तर प्रधानमन्त्रीले संसदमा विश्वासको मत लिइरहँदा का दृश्य हेर्दा प्रतिपक्षको विरोध यान्त्रिक जस्तो देखिन्थ्यो । मानौं संसदमा एउटा 'स्क्रिप्टेड' (पूर्व लिखित, नियोजित)दृश्य मञ्चन भै रहेको छ । सत्तापक्ष विश्वास मत पारित गरिरहेको छ, प्रतिपक्ष विरोध गरिरहेको छ , विश्वास मत पारित हुन्छ, संसद स्थगित हुन्छ, मानौ आजको दृश्य सकियो, सबै घर जान्छन् । भोली फेरी संसदको बाँकी दृश्य मञ्चन हुनेछ ।

जनताको नजरले चिन्तनीय प्रश्न के छ भने, भ्रष्टाचारका ती आरोपहरु जो सत्तापक्ष र प्रतिपक्षले एक अर्कामाथी लगाएका थिए, ती दोहोरी मात्र छन्, कि त्यो के हुने हो ? विगतको समीक्षा गर्ने हो भने यो फगत आरोप मात्र नै रहने देखिन्छ । यी आरोपहरु एक अर्कालाई धम्क्याउने दाउ मात्रै जस्ता देखिन्छन् । गृहमन्त्री लामिछानेले नेका सभापति शेरबहादुर देउवालाई ताक्दै ठिकै भनेका थिए : 'राती राती मलाई प्रधानमन्त्री पदको अफर दिने, र नमानेपछि मलाई भ्रष्टाचारी भन्ने ? त्यतिबेला म ठिक थिएँ र अहिले म भ्रष्टाचारी ?' (शब्द ठ्याक्कै यस्तै नभएपनि भाव यस्तै यस्तै थिए ।) संसदमा सत्ता र प्रतिपक्ष दुबैको अन्तरभावमाथी विचार गर्ने हो भने दुबे पक्षले एक अर्कामाथी भ्रष्टाचारको आरोप त लगाउँछन्, तर भ्रष्टाचारीले सजाय पाउन भनेर अन्तिमसम्म निर्णायक संघर्ष गर्ने भाव कसैमा देखिँदैन । यस्को एउटै कारण छ, चुनाव होस वा समानुपातिक वा राष्ट्रिय सभा करोडौं करोड लगानी गरेर संसदमा पुगेको पार्टी र नेताले इमान्दारीपूर्वक लगानी उठाउनै सक्दैन । अझ उसका निम्ति चन्दा वा सहयोगको नाममा आर्थिक व्यवस्थापन गरिदिने ठेकेदार, व्यवसायी र अदृश्य आर्थिक शक्तिको निम्ति उसले वैध अवैध तरिकाबाट आर्थिक अवसर सिर्जना गर्नुपनि ती सांसद र पार्टीहरुको दायित्व बन्छ । र यो संसदमा बेइमान नबनेसम्म सम्भव छैन । यस्तोमा सत्ता र प्रतिपक्षका गठबन्धन समीकरणभिन्न देखिएपनि एउटा अघोषित अदृश्य साम्यता र समझदारीपनि विकसित भएको हुन्छ । यस अघोषित समझदारीले सत्ता र प्रतिपक्षबीच विरोधको डोरी कुर्सीको प्रतिस्पर्द्धामा तन्किएपनि आर्थिक सवालहरुमा एउटा सीमासम्म मात्र हुने गर्छ । यस्तै दृश्य यस पटकपनि मञ्चन भै रहेको छ । सत्ता र प्रतिपक्ष, दुबैले एक अर्कामाथी भ्रष्टाचारका गम्भीर आरोप लगाईरहेका छन्, तर निर्णायक स्थितिसम्म कसैले पुर्‍याउँदैन । हुनसक्छ, आफ्नो उपेक्षाको कारण आक्रोशित प्रतिपक्षले सदन मात्रै होइन, सडकमा पनि केही दृश्य मञ्चन गर्ने छ । तर यति निश्चय छ, प्रतिपक्षको यो प्रतिरोधी मुद्दा सत्तापक्षसंग सम्झौता नभएसम्म मात्र हो । देर सबेर आखिर सम्झौता हुने नै छ । र सम्झौता भएपछि विचार गर्नु होला पक्ष र विपक्षले एक अर्कामाथी लगाएका भ्रष्टाचार र आर्थिक अनियमितताका आरोपहरु ओझेलमा पर्नेछन् । यद्यपि बोलीमा दोषीले सजाय पाउनु पर्छ भन्ने थेगो कायम नै रहनेछ ।

वस्तुतः संसदमा गाइने भ्रष्टाचारका प्रकरणहरु संसदको पूँजीवादी चरित्रको स्वाभाविक परिणति हो । वस्तुतः यस व्यवस्थामा लोकतन्त्रको जतिसुकै राग अलापिएपनि यो पूँजीवादी अधिनायकत्व नै हो, जस्मा राजनैतिकरुपमा नग्न नाँच्दैछन् । वास्तविक अर्थमा सत्ताको चरित्र जनवादी न हुन्जेल र सत्तामा पसीना चुहाउने वर्गको प्रतिनिधिको वर्चस्व नहुन्जेल सम्म आम जनसमुदाय यस्ता दृश्यहरु हेर्न शापित नै रहने छन् । चेतना भया । यो नांगाहरुको स्नानगृह हो ।

# अर्थतन्त्र पुनःरुत्थानका लागि लगानीमैत्री बजेटको आवश्यकता



**चन्द्रप्रसाद ढकाल**

औद्योगिक उत्पादनमा कमी र लगानीकर्ताको विश्वासमा कमीका कारण नेपालमा आर्थिक शिथिलता गहिरिँदै गएको छ । माग र लगानीको कमीले उद्योगहरु पूर्ण क्षमतामा सञ्चालन हुन सकेका छैनन् । यसका पछाडि सरकार तथा उपभोक्ताको खर्च मुख्य रहेको छ ।

विशेष गरी कोभिड-१९ महामारी र त्यसयता लिइएका केही नीतिगत व्यवस्थाका कारण समस्या गहिरिएको हो । साथै देशबाट युवा वर्गको उच्च मात्रामा भइरहेको पलायनले पनि मुख्य भूमिका खेलेको छ भन्न सकिन्छ । कलकारखाना पूर्ण क्षमतामा नचल्दा रोजगारी र समग्र आर्थिक उत्पादकत्वमा प्रत्यक्ष असर परेको त स्पष्ट नै छ । चालु आर्थिक वर्ष २०८०/८१ मा आर्थिक वृद्धिदर आधारभूत मूल्यमा तीन दशमलव पाँच प्रतिशत र उत्पादकको मूल्यमा तीन दशमलव प्रतिशत हुने राष्ट्रिय तथ्याङ्क कार्यालयको अनुमान रहेको छ ।

आन्तरिक उपभोगमा मुख्य योगदान गर्ने मध्यमवर्गका युवाहरू रोजगारीको अवसरको खोजीमा विदेशिएका छन् । यसबाट स्थानीय श्रम बजारमा अवसर नै नभएको भन्ने नकारात्मक भाष्यसमेत निर्माण भइरहेको छ । यहाँभन्दा थोरैमात्र बढी पारिश्रमिक पाउने कामका लागि समेत युवाहरू विदेशिइरहेको अवस्थामा आन्तरिक उद्योग-व्यवसायमा दक्ष तथा अर्धदक्ष श्रमिक/मजदुर नै नपाउने स्थिति बनिरहेको छ ।

विदेशमा काम गर्ने नेपालीहरूको रेमिट्यान्सले विदेशी मुद्रा र घरायसी आम्दानीको महत्वपूर्ण स्रोत प्रदान गरिरहँदा बाह्य क्षेत्रले केही सकारात्मक सङ्केतहरू देखाएको छ । तर यसले बजारमा अपेक्षित उपभोग नबढ्दा समग्र व्यापार चक्रमा सुधार भएको छैन । नेपालको निर्यात आधार साँघुरो छ भने अन्तर्राष्ट्रिय बजारमा कडा प्रतिस्पर्धाको सामना गरिरहेको छ । सूचना प्रविधि क्षेत्रको सेवा व्यापार निर्यातमा केही सुधार देखिए पनि यसमा अझै नीतिगत अन्यौल देखिन्छ । यसरी समग्र व्यापार असन्तुलनले देशको समग्र औद्योगिक वातावरणमै असर पारिरहेको छ ।

दोस्रो कुरा देशभित्र लगानीको स्तर घटेको छ । कुल गार्हस्थ्य उत्पादन (जीडीपी) र रोजगारीमा ठूलो योगदान दिने निजी क्षेत्र पनि यतिबेला विविध कारणले प्रभावित भएको अवस्था छ । निजी क्षेत्रको मनोबल घट्दै गइरहेको छ । अनिश्चित आर्थिक अवस्था र उच्च सञ्चालन लागतले व्यावसायिक आत्मविश्वासमा ह्रास ल्याएको छ । उता अप्रत्याशित आर्थिक वातावरण र बारम्बार भइरहने नीति परिवर्तनका कारण लगानीकर्ताहरू समेत दिल खोलेर लगानी गर्नुअघि धेरै पटक सोच्न थालेको अनुभव सुनाउन थालेका छन् । सरकारको राजस्व उठाउने क्षमता खुम्चिएको छ । सार्वजनिक खर्च कमजोर हुँदा त्यसले समग्र आर्थिक चक्रमै असर पारिरहेको छ । यी आन्तरिक तथा बाह्य कारणबाट उत्पन्न चुनौतीहरूलाई सम्बोधन नगरी अर्थतन्त्रलाई पुनःरुत्थान गर्न सम्भव छैन । त्यसैले यसका लागि नेपाल सरकारले बजेटमार्फत स्पष्ट प्रभावकारी नीतिहरू तर्जुमा गर्न आवश्यक देखिन्छ ।

यी चुनौतीहरूलाई मध्यनजर गर्दै बजेटले लगानीका लागि अनुकूल वातावरण सिर्जना गर्ने, मागलाई प्रोत्साहन गर्ने र दिगो आर्थिक वृद्धि सुनिश्चित गर्नेतर्फ केन्द्रित हुनुपर्छ । नेपाल उद्योग वाणिज्य महासङ्घको ५७औं वार्षिकोत्सवको उद्घाटन सत्रलाई सम्बोधन गर्दा तत्कालीन आर्थिक शिथिलताबाट बाहिर निस्कन मैले अहिलेका लागि मुख्यतया यी पाँचवटा विषय उठाएको थिएँ ।

पहिलो- वर्तमान आर्थिक सङ्कट समाधानको रणनीति तयार गर्ने,

दोस्रो- लगानीको वातावरण बनाउने,

तेस्रो- राज्य र निजी क्षेत्रबीचको साझेदारी सुदृढ गर्ने,

चौथो- दक्ष जनशक्ति उत्पादन र रोजगारी सृजना गर्ने र

पाँचौं- व्यवसायीहरुको मनोबल उच्च बनाउन राज्यको मर्यादाक्रममा निजी क्षेत्रको स्थान निर्धारण गर्ने ।

वास्तवमा हामीले यिनै विषयहरुमा नै निरन्तर रुपमा पैरवी गर्दै आएका पनि छौं । बागलुङको ढोरपाटनमा सम्पन्न महासङ्घको तेस्रो कार्यकारिणी समितिको बैठकले तत्कालीन आर्थिक समस्याको समाधानको लागि राष्ट्रिय आर्थिक बहसको आयोजना गर्ने निर्णय गरेका थियौं र त्यसलगत्तै असोजको तेस्रो साता काठमाडौंमा आयोजना पनि गर्यौं । अर्थतन्त्रका सबै सरोकारवालाहरुको उपस्थितिमा गरिएको सो राष्ट्रिय आर्थिक बहसको निचोड पनि अर्थतन्त्र अप्ठेरो अवस्थामा रहेकाले सरकार र सरोकारवाला निकायबाट यथोचित नीति अख्तियार होस् र आर्थिक एजेण्डामा सबैको मतैक्य होस् भन्ने नै थियो ।

त्यसपछि सरकारले पनि हाम्रो यही एजेण्डामा सहमत हुँदै सर्वदलीय आर्थिक बहसको आयोजना गर्‍यो र त्यसमा प्रधानमन्त्रीले मुलुकका उद्योगी, व्यवसायी एवं समग्र निजी क्षेत्रका प्रतिनिधिहरुसँग उनीहरुको आवाज र आवश्यकता पनि सुन्नुभएको थियो । यसरी निजी क्षेत्रले रोगको पहिचान गरेर त्यसको निदानका लागि आवश्यक औषधि पनि सिफारिस गरेकाले विस्तारै निजी क्षेत्रको आवाज राज्यले सुन्न थालेको महसुस पनि भएको छ । नेपाल राष्ट्र बैंकले बैंक दर, नीतिगत दर सहजीकरण गर्दै बैंकको ब्याजदर घटाउँदै पनि आएको छ । अर्थ मन्त्रलयले हामीसँग निरन्तर छलफल अघि बढाएको छ । लगानी सम्मेलनको मुखैमा भएका केही कानुनको संशोधन र द्विपक्षीय लगानी सम्झौताको खाकाको अनुमोदनलाई यसको उदाहरणका रुपमा पनि लिन सकिन्छ ।

> आन्तरिक स्रोतको सीमिततासँगै वैदेशिक सहायतामा समेत कमी आइरहेको सन्दर्भमा स्वदेशी एवं वैदेशिक लगानी र प्रविधि आकर्षित गर्न लगानी प्रवर्द्धन दशकका रुपमा आगामी वर्षदेखि विशेष कार्यक्रम सञ्चालन गर्नुपर्छ । यसअन्तर्गत एकलविन्दु सेवाको प्रभावकारिता र थप नीतिगत सुधार आवश्यक हुनेछ ।

आर्थिक पुनःरुत्थान, बजेटको रुझान

नीतिगत स्थिरता आर्थिक वृद्धि र विकासको आधारशीला हो । नेपालमा लगानी आकर्षित गर्न, व्यवसायिक आत्मविश्वास बढाउन र दिगो आर्थिक गतिविधिहरू सुनिश्चित गर्न स्थिर नीतिगत वातावरण कायम गर्नु आवश्यक छ । बारम्बार नीति परिवर्तन वा असङ्गत नियामक ढाँचाले अनिश्चितता सिर्जना गरिरहेको छ । जसले समग्र आर्थिक वृद्धिमै असर पारिरहेको छ ।

नीतिगत स्थिरतामा लगानीकर्ताको विश्वास निर्भर हुन्छ । जब नीतिहरू स्थिर हुन्छन्, लगानीकर्ताले अधिक निश्चितताका साथ योजना बनाउन सक्छन् । यो आत्मविश्वासले लगानीकर्तालाई नयाँ परियोजनाहरूमा पुँजी जुटाउन र हाल सञ्चालनमा रहेका उद्योग-व्यावसाय विस्तार गर्न प्रोत्साहित गर्छ । अनुकूल व्यावसायिक वातावरण सिर्जना गर्न समयानुकूल आर्थिक सुधारका कार्यक्रममा ध्यान दिनुपर्ने अवस्था छ । यसका लागि आउँदो बजेटमार्फत नयाँ चरणको आर्थिक सुधारको कार्यक्रम घोषणा गर्नुपर्दछ ।

यसका लागि आवश्यक अर्को महत्वपूर्ण कुरा शासकीय सुधार हो । नियामक प्रक्रियालाई सरल बनाउन र अनावश्यक प्रशासनिक झन्झटहरू हटाउनका लागि बजेटमार्फत नयाँ चरणको शासकीय सुधारका कार्यक्रम घोषणा गर्नुपर्दछ । लगानीकर्ताहरूलाई उनीहरूको लगानी सुरक्षित गरिनेछ र कुनै पनि विवादहरू निष्पक्षरुपमा द्रुत ढङ्गबाट समाधान गरिनेछ भन्ने विश्वास अहिले चाहिएको छ । न्यायिक प्रणालीको सुदृढीकरण र व्यावसायिक कानुनहरू स्पष्ट र निरन्तर रूपमा लागू हुने सुनिश्चित गर्नाले लगानीकर्ताको विश्वास बढ्छ । सरकारी सेवाहरूको दक्षता र प्रभावकारितामा सुधार गर्न सार्वजनिक क्षेत्र सुधारलाई यसले समेट्नुपर्छ । भ्रष्टाचार घटाउन, पारदर्शिता बढाउन र सार्वजनिक क्षेत्रको जवाफदेहिता सुधार गर्ने विषयलाई बजेटले सही ढङ्गले सम्बोधन गर्नुपर्दछ ।

अर्को पक्ष भनेको करमा सुधार हो । करको आधारलाई फराकिलो बनाउने र कर सङ्कलनको प्रभावकारितामा सुधार गर्ने प्रयास जारी छ तर अहिलेसम्म ठोस नतिजा आउन सकेको छैन । नेपालको वर्तमान कर प्रणालीलाई बढीभन्दा बढी करदातामैत्री, व्यवसायमैत्री र आधुनिक बनाउन हालको संरचनागत तथा कानुनी व्यवधानमुखी व्यवस्थाहरूलाई सुधार गर्नुपर्दछ । अहिले तीन तहका सरकार रहँदा र संविधानले नै तीन तहका कर असुल गर्ने अधिकारहरू बाँडफाँट गरी छुट्याइदिएको अवस्थामा अब विगतमा बनाइएका कानुनहरूलाई पनि सोही ढाँचामा सुधार गर्नुपर्ने अवस्था छ ।

प्रभावकारी र पारदर्शी कर प्रणालीले अनुपालनलाई प्रोत्साहित गर्दछ र करदाताहरूलाई बढी बोझ सृजना नगरी सरकारी राजस्व बढाउँछ । प्रगतिशील कर नीतिले लगानी र नवप्रवर्तनका लागि प्रोत्साहन गर्दछ र आर्थिक गतिविधिलाई गति दिन्छ । सुरक्षित र व्यावसायिक वातावरण सिर्जनाका लागि पनि कानुनी सुधारहरू गर्न आवश्यक छ ।

त्यसैगरी अर्को विषय हो वित्तीय क्षेत्र सुधार । नेपालको वित्तीय प्रणालीले पछिल्लो समयमा निकै समस्या झेल्दै आएको छ । आर्थिक गतिविधिहरूको विस्तार, अर्थतन्त्रको विकास र आर्थिक क्रियाकलाप फस्टाउनका लागि आवश्यक पुँजीमा पहुँच सुनिश्चित गर्न आवश्यक छ । विशेष गरी साना तथा मझौला उद्योगका लागि ऋण उपलब्धता बढाउन बैंकिङ क्षेत्रको भूमिका महत्वपूर्ण छ । ऋण जोखिम मूल्याङ्कनमा सुधार गर्ने र ऋणदाताहरूको जोखिम कम गर्न ऋण सुनिश्चितता योजनाहरू लागू गर्नेजस्ता उपायहरूहरूको सुधार आवश्यक छ ।

त्यस्तै व्यापार नीतिमा सुधारको पक्ष अहिलेको अर्को आवश्यकता हो भन्ने लाई लाग्दछ । नेपाल सन् २०२६ पछि अतिकम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नति हुँदैछ । यस प्ररिपेक्षमा नेपाललाई विश्व अर्थतन्त्रमा थप प्रभावकारी रुपले समाहित गर्न व्यापार नीति सुधार आवश्यक छ । व्यापार अवरोधहरू घटाउन, भन्सार प्रक्रियालाई सरल बनाउन र नेपालले स्तरोन्नतिपछि गुमाउन सक्ने मुलुकहरूसँग गरिने द्विपक्षीय व्यापार सम्झौता वार्ताले निर्यात अवसर बढाउन र विदेशी लगानी आकर्षित गर्न सक्छ । यस्तो अवस्थामा नेपालले आफ्नो तुलनात्मक लाभको क्षेत्र पहिल्याउन र क्षेत्रीय तथा विश्वव्यापी मूल्य शृं लाहरूमा पूर्ण रूपमा सहभागी तुल्याउन अहिलेको व्यापार नीति पर्याप्त हुने छैन । नयाँ परिप्रेक्षमा विश्व व्यापार सङ्गठन (डब्लुटिओ)का प्रावधानहरूअनुसार नेपालले पाउने र गुमाउने क्षेत्रहरूबारे अध्ययन आवश्यक छ । निजी क्षेत्रको प्रतिनिधिमूलक संस्था नेपाल उद्योग वाणिज्य महासङ्घ यसमा सरकारसँग सहकार्य र साझेदारीका लागि तत्पर छौं ।

यसर्थ, अर्थतन्त्रको बाह्य क्षेत्र सकारात्मक भए पनि मुलतः आन्तरिक मागमा आएको कमीका कारण देखिएको समस्या समाधान गरी दिगो र उच्च आर्थिक वृद्धि गर्नु बजेटको मुख्य उद्देश्य हुनुपर्छ । अर्थतन्त्र पुनःरुत्थान गर्न र औद्योगिक क्षमता अभिवृद्धि गर्न, चरणबद्ध सुधार योजना अघि सार्नुपर्दछ । मुलुकको अर्थतन्त्रमा ८१ प्रतिशत र रोजगारीमा ८६ प्रतिशत योगदान पुर्‍याइरहेको निजी क्षेत्रको सहभागितामा नयाँ चरणको आर्थिक पुनःसंरचनाको घोषणा गर्नुपर्छ । लगानी सम्मेलन अघिको सुधारले यसलाई बाटो खुलेको छ र धेरै परिवर्तन सम्भव रहेको मैले देखेको छु ।

अर्को एउटा विषय यो छ कि भूतप्रवाही कानुनले लगानीकर्तालाई जटिल बनाइदिएको छ । यसमा सुधारका लागि कार्यपालिका र न्यायपालिका दुवै पक्षबाट ठोस पहल हुनुपर्ने आवश्यकता छ । त्यसैले कम्तीमा पाँच वर्षको लागि प्रमुख नीति परिवर्तनमा रोक लगाएर स्थिर वातावरण सुनिश्चित गर्नुपर्छ । यसबाट स्वदेशी र विदेशी लगानीकर्ताहरुका लागि पनि समुचित वातावरण बन्नेछ भन्ने मलाई विश्वास छ ।


आन्तरिक स्रोतको सीमिततासँगै वैदेशिक सहायतामा समेत कमी आइरहेको सन्दर्भमा स्वदेशी एवं वैदेशिक लगानी र प्रविधि आकर्षित गर्न लगानी प्रवर्द्धन दशकका रुपमा आगामी वर्षदेखि विशेष कार्यक्रम सञ्चालन गर्नुपर्छ । यसअन्तर्गत एकलविन्दु सेवाको प्रभावकारिता र थप नीतिगत सुधार आवश्यक हुनेछ । यसका साथै, मुलुकभर छरिएर रहेका साना लगानीकर्ताहरुलाई समेटी निजी क्षेत्र विशेषगरी नेपाल उद्योग वाणिज्य महासङ्घद्वारा प्रवर्द्धन गरिएको लगानी कम्पनीलाई प्रोत्साहनका लागि विशेष घोषणा गर्नुपर्ने पनि हाम्रो माग रहेको छ । (नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष ढकालसँग रासससले गरेको कुराकानीमा आधारित)

# संसदको गतिरोध अन्त्य गर्न पौडेलको भनाई

टुडे समाचारदाता

काठमाण्डु । नेकपा एमालेका उपाध्यक्षले विष्णुप्रसाद पौडेलले संसद्को गतिरोध अत्य गर्न प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसलाई आग्रह गरेका छन् ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपालको संविधानको धारा १०० को उपधारा २ बमोजिम विश्वासको मतका लागि गरेको प्रस्तावको समर्थन गर्दै पौडेलले मुलुकमा राजनीतिक स्थिरताका लागि संसद्को गतिरोध अन्त्य हुनुपर्ने बताएका हुन् ।



"राजनीतिक स्थिरता कायम गर्दै मुलुकलाई गति दिन सरकारलाई साथ दिन सबै दलहरुलाई म आग्रह गर्दछु । नेपाली कांग्रेसले आफ्नो भूमिकालाई पुनर्विचारसहित लोकतान्त्रिक अभ्यास अनुसरण गरेर अघि बढ्न आह्वान गर्दछु", उनले भने ।

अहिलेको सरकारले सुशासन प्रत्याभूतिको सन्देश दिएको, नागरिक तहमा रहेको निरासा चिरेको र पछिल्ला प्रयासबाट आशाको सञ्चार हुँदै गएको पौडेलले दाबी गरे । सहकारी संस्थाहरुको रकम हिनामिनाका सन्दर्भमा संसदीय छानबिन समिति गठनको माग गर्दै प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसले संसद्मा विरोध जनाइरहेको छ । सोमबार होहल्लाका बीच विश्वासको मत लिने प्रक्रिया अघि बढेको छ ।

# सभामुख निस्पक्ष नभएको भन्दै कांग्रेसको असन्तुष्टि

टुडे समाचारदाता

काठमाण्डु । नेपाली कांग्रेसले सभामुख देवराज घिमिरे निष्पक्ष भएर आफनो भूमिका निर्वाह नगरेको भन्दै असन्तुष्टि जनाएको छ ।

नेपाली कांग्रेस संसदीय दलको सोमबारको बैठकले प्रतिनिधिसभामा सभामुखले सोमबार निर्वाह गरेको भूमिका पदीय गरिमा अनुकूल नभएको ठहर गर्दै त्यसप्रति असन्तुष्टि जनाउदै प्रश्न उठाएको हो ।

प्रमुख प्रतिपक्षी दल कांग्रेसले प्रतिनिधिसभामा विपक्षी दलको विरोध र नाराबाजीबीच संसद् बैठकका कार्यसूची अघि बढाएको भन्दै सभामुखको भूमिकामाथि प्रश्न उठाएको हो ।

कांग्रेसको बैठकले सङ्घीय संसद्को गरिमामय सभभामुख पदमा आसिन व्यक्ति कुनै एक दलको इशारामा प्रयोग हुने अवस्थाले संसदीय मूल्यमान्यतालाई कुठाराघात गरेकोले सभामुखलाई संसदीय मूल्यमान्यता र परम्परा जोगाउनेतर्फ काम गर्न गम्भीररुपले ध्यानाकर्षण गराउदछ भन्ने निर्णय समेत गरेको छ ।

विपक्षी दलको विरोध र नाराबाजीबीच प्रधानमन्त्रीको विश्वासको मतसम्बन्धी प्रस्ताव अघि बढाएको र नेपाली कांग्रेसका सांसदलाई बोल्न नदिएको कांग्रेस संसदीय दलको आरोप छ ।

संसदीय दलको बैठकका




निर्णयबारे जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा प्रमुख सचेतक लेखकले सभामुखले पार्टीको कार्यकर्ता जस्तो व्यवहार गर्न नसुहाएको बताए । लोकतान्त्रिक एवं संसदीय मूल्यमान्यता बिर्सेर संसद् बैठक सञ्चालन गर्ननहुने निष्कर्ष कांग्रेसको छ ।

प्रधानमन्त्रीले विश्वासको मत लिन ३० दिनको समायावधि रहेकामा विपक्षी दलहरुको मागबमोजिम संसदीय छानबिन समिति गठन गर्नुको साटो पर्याप्त समय हुँदाहुँदै विश्वासको मत लिने प्रक्रिया पूरा गराउनु अनुपयुक्त भएको सचेतक लेखकले आरोप लगाए । कांग्रेससहित सङ्घीय संसद्मा रहेका सबै विपक्षी दलहरुले सहकारी ठगीसम्बन्धमा स्वतन्त्र र निष्पक्ष छानबिनको सुनिश्चितता गर्न संसदीय छानबिन समिति गठनको माग जारी राखेका छन् ।

# कानुनभन्दा माथि कोही छैन भन्ने भाष्य स्थापित भएको छ : प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले राजनीतिक नेतृत्व कानुनभन्दा माथि हुन नसक्ने बताउनुभएको छ । प्रतिनिधिसभाको सोमबारको बैठकमा विश्वासको मतसम्बन्धी प्रस्ताव प्रस्तुत गर्दै उहाँले सुशासनका क्षेत्रमा जनतामा आशा जागेको र कानुनको शासन स्थापित हुँदै गएको बताउनुभयो ।



"अहिले सुशासनका क्षेत्रमा आशा जागेको छ । पछिल्ला दिनमा लोकतन्त्र कताकता नेतातन्त्रजस्तो देखिँदै गएको थियो । राजनीतिक नेतृत्व कानुनभन्दा माथि भएको डरलाग्दो वैचारिकी बनिरहेको थियो । त्यसले समग्र व्यवस्थामाथि नै अविश्वास र घृणा बढाइरहेको थियो", प्रधानन्त्री दाहालले भन्नुभयो, "तर नक्कली भूटानी शरणार्थी, ललिता निवास, बाँसबारी, बालमन्दिर, सुनकाण्डलगायतका प्रकरणमा सरकारको निर्भिक र निष्पक्ष कारबाहीले जनतामा लोकतन्त्रप्रति ठूलो भरोसा जागेको छ ।"

सरकारले सबैजसो मोर्चामा सार्थक उपलब्धि र गौरव हासिल गर्दागर्दै पनि जनता समाजवादी पार्टी (जसपा) नेपालले सरकारलाई दिएको समर्थन फिर्ता लिएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले फेरि देशमा देखिएको चुनौतीलाई सम्बोधन गर्न सबै एकताबद्ध भएर अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "सुरूदेखिको निरन्तर सहयात्राका लागि जसपा नेपालप्रति आभारी छु । सरकारलाई समर्थन वा विरोध गर्ने उसको राजनीतिक अधिकारको पनि सम्मान गर्छु तर राष्ट्रका चुनौतीहरूको सामना गर्न फेरि पनि मिलेर अगाडि बढ्न आग्रह गर्छु ।"

नीति तथा कार्यक्रम पेस भइसकेको र बजेटको छलफल चलिरहेको अवस्थामा सरकारका दीर्घकालीन प्रतिबद्धताहरू सम्मानित संसद्को साथ र सहयोगबिना पूरा हुन नसक्ने पनि उहाँले बताउनुभयो । "सार्वभौम संसद्को लामो समय लिन चाहन्न । यति भन्छु, प्रधानमन्त्रीका रूपमा मैले संसद्को पहिलो सम्बोधनमै प्रतिबद्धता जनाएको थिएँ", प्रधानमन्त्री दाहालले भन्नुभयो, "म आज सरकारका उपलब्धिहरूको रिपोर्टकार्डकै आधारमा यो सम्मानित संसद्को विश्वासको मत माग्दछु ।"

सोह्रौं आवधिक आयोजनाका लक्ष्य हासिल गर्न संसद् र सरकारले धेरै काम गर्न बाँकी रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सरकारका दीर्घकालीन प्रतिबद्धता सम्मानित संसद्को साथ र सहयोगबिना पूरा हुन नसक्ने बताउनुभयो । "आगामी दशक तीव्र विकासको दशक भनेका छौं । त्यसका लागि बृहत् छलफल र साझा राष्ट्रिय दृष्टिकोण चाहिएको छ", प्रधानमन्त्री दाहालले भन्नुभयो, "भारत र बङ्गलादेशसँग विद्युत् व्यापार सम्झौता भइसकेको र चीनसँग पनि निर्यातको सम्भावना बढिरहेका बेला 'गेमचेञ्जर' ठूला विद्युत् आयोजनामा धेरै काम गर्न बाँकी छ ।"

उहाँले समष्टिगत आर्थिक परिसूचकहरू सकारात्मक भएका तर अर्थतन्त्रलाई पूर्ण गतिशील बनाउन सरकार र संसद्ले एकीकृत प्रयास आवश्यक रहेको बताउनुभयो । "म आज यो सार्वभौम संसद्सँग केबल विश्वासको मत माग्दिन, देशमा देखिएको निराशा चिर्न सार्थक साथ र सहयोग माग्छु", उहाँले भन्नुभयो, "लोकतन्त्रले जगाएको सामाजिक र राजनीतिक चेतनालाई लोकतन्त्रकैविरूद्ध प्रयोग गर्ने प्रयासविरूद्ध संसद्को हस्तक्षेप माग्दछु ।"

**"म आज यो सार्वभौम संसद्सँग केबल विश्वासको मत माग्दिन, देशमा देखिएको निराशा चिर्न सार्थक साथ र सहयोग माग्छु," उहाँले भन्नुभयो, "लोकतन्त्रले जगाएको सामाजिक र राजनीतिक चेतनालाई लोकतन्त्रकैविरूद्ध प्रयोग गर्ने प्रयासविरूद्ध संसद्को हस्तक्षेप माग्दछु ।"**

सङ्घीयताको वास्तविक कार्यान्वयन र शान्ति प्रक्रियाको तार्किक निष्कर्षका लागि पनि आफूले विश्वास पाउनुपर्ने बताउँदै प्रधानमन्त्रीले भन्नुभयो, "नागरिक राज्यसँग ठोकिने सबै बिन्दुमा शासकीय सुधारका लागि म कृतसङ्कल्पित छु ।" उद्यमशीलताका माध्यमबाट आर्थिक उन्नति र रोजगारीका लागि नीतिगत गाँठाहरू फुकाउन संसद्को हस्तक्षेप गर्नुपर्नेमा जोड दिँदै प्रधानमन्त्रीले निरपेक्ष गरिबीको रेखामुनि रहेको ठूलो संख्यालाई सम्मानपूर्ण जीवनसम्म लैजान एकीकृत प्रयास आवश्यक रहेको बताउनुभयो ।

व्यावहारिक र नीतिगत सुधारमा सरकारले लिएको अग्रसरताले लगानीकर्तामा एकदमै सकारात्मक प्रभाव परेको उल्लेख गर्दै प्रधानमन्त्रीले कतारका राजा, जापानका विदेशमन्त्रीलगायत उच्चस्तरीय भ्रमणबाट राष्ट्रको प्रतिष्ठा र अन्तर ाष्ट्रिय आयाम फराकिलो भएको बताउनुभयो । "जलवायु परिवर्तनमा अब नेपालले पर्वतीय देशहरूका तर्फबाट विश्वव्यापी नेतृत्व गर्ने अवस्था बनेको छ", प्रधानमन्त्री दाहालले भन्नुभयो, "पर्यटक आगमनमा कीर्तिमान कायम भएको छ । रासायनिक मलदेखि पाठ्यपुस्तकसम्मको अभावका समाचार अब इतिहास भएका छन् ।" उहाँले विश्वासको मतका लागि मन्तव्य दिँदै प्रस्ताव प्रस्तुत गरिरहँदा प्रमुख प्रतिपक्षी दलले वेल घेराउ गर्दै नाराबाजीका साथ विरोध जनाइरहेको थियो ।रासस

# बागमती प्रदेशसभामा विनियोजित बजेटको सिद्धान्तमाथि छलफल

मकवानपुर । बागमती प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलियाले आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट जनमुखी, पारदर्शी र जनताप्रति उत्तरदायित्व हुने गरी बजेटको खाका तयार पारिएको बताउनुभएको छ ।

प्रदेशसभाको सोमबार बसेको बैठकमा आगामी आर्थिक वर्षका लागि विनियोजित बजेटको सिद्धान्त र प्राथमिकताका सम्बन्धमा उठेको प्रश्नको जवाफ दिनुहुँदै मन्त्री थपलियाले सो कुरा बताउनुभएको हो । सरकारले अब आफ्नै क्षमताअनुसार कृषि उत्पादन बढाउन जैविक मल कारखानाको स्थापना गर्ने र सिमान्तकृत चेपाङ, दलित, आदिवासी जनजातिलाई क्रमशः स्वास्थ्य उपचार, शिक्षा र आर्थिक आत्मनिर्भर बनाउने गरी बजेटमा समेटिएको उहाँले उल्लेख गर्नुभयो ।

गत आव २०८०/८१ को बजेट निर्माणमा देखिएका कमजोरीलाई सच्याएर प्रदेशको सबै क्षेत्रमा भौतिक पूर्वाधार र बहुवर्षीय योजनालाई प्राथमिकतामा राखेर कार्यान्वयन गर्ने मन्त्री थपलियाको भनाइ छ ।उहाँले आगामी वर्षको बजेटमा काठमाडौँ उपत्यकालगायतका जिल्लामा समस्याको रुपमा रहेको फोहरमैला व्यवस्थापनलाई गुरु योजना तयार गरी चरणबद्ध रुपमा व्यवस्थित ढङ्गबाट नष्ट गर्ने र प्रदूषणबाट प्रभावितलाई स्वास्थ्य उपचार, रोजगारीका अवसर दिलाउने लक्ष्य लिएको बताउनुभयो ।

बैठकमा आगामी आवको विनियोजित विधेयकको सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) छलफलको क्रममा प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेस संसदीय दलका नेता बहादुर सिं लामा तामाङले सङ्घीय सरकारदेखि प्रदेश सरकारसम्म सरकार हेरफेर भइरहँदा जनता हकअधिकारबाट वञ्चित हुनुपरेकोमा दुःख व्यक्त गर्नुभयो ।

उहाँले प्रदेश सरकारले दलगत स्वार्थभन्दा माथि उठेर बहुवर्षीय योजना, भौतिक पूर्वाधारलाई बजेट विनियोजित गर्न र प्रदेशको विभिन्न जिल्लामा देखिएका बन्यजन्तुबाट आक्रमणमा परेका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउनुपर्नेलगायतका विषयमा जोड दिनुभयो ।

प्रतिपक्ष दल राप्रपा संसदीय दलका नेता उद्धव थापाले सरकारले आगामी आवको बजेट तर्जुमा गर्दा बहुवर्षीय योजना, भौतिक पूर्वाधारको विकासमा प्रत्यक्ष जनता लाभान्वित हुने योजनालाई कार्यान्वयन गर्न सौद्धान्तिक पक्ष राम्रो भएपनि बजेटले भौगोलिक अवस्थाको मूल्याङ्कन नगरी बजेट विनियोजित गर्दा ती योजनालाई कार्यान्वयन गर्न कठिनाई भएको बताउनुभयो । यस विषयमा पुनः सरकारले समिक्षा गरेर अघि बढ्नुपर्ने उहाँको सुझाव थियो ।

उक्त बैठकमा विधेयकको सैद्धान्तिक पक्षमा प्रदेश सभाका सदस्यहरु क्रमशः उर्मिलाकुमारी तामाङ, कुमारी तामाङ, सृजना सैजू, गीरबहादुर तामाङ, जयराम थापा, सुना परियार, गीता गुरुङ, गीता काफ्ले, मीना पराजुली, मधुसुदनप्रसाद पौडेल, कृष्णप्रसाद सिलवाल, गोविन्दप्रसाद लम्साल, राकृष्ण चित्राकार, सुरेन्द्रराज गोरसाईं र रत्नप्रसाद ढकालगायतले सुझाव दिनुभएको थियो । उहाँहरुले सरकारलाई सैद्धान्तिक पक्षमा मात्र नभई प्रदेशको सबै जिल्लाका जनताको चाहाना र आवश्यकतालाई मध्यनजर गरी सम्मानजनक बजेट र योजना बाँडफाड गर्न सुझाव दिनुभएको हो ।

विषयगत समितिका सभापतिलाई शपथ

वाग्मती प्रदेशका सभामुख भुवनकुमार पाठकले प्रदेशसभाअन्तर्गत रहेका विषयगत समितिका नवनिर्वाचित सभापतिलाई सोमबार एक समारोहबीच पद तथा गोपनीयताको शपथ गराउनुभएको छ ।

प्रदेशसभा नियमावली २०७४ अनुसार अब विषयगत छ समिति रहने व्यवस्था गरिएको छ । उक्त विषयगत समितिअन्तर्गत पर्ने प्रदेश मामिला समितिको सभापतिमा छिरिङदोर्जे लामा, सार्वजिनक लेखा समितिको सभापतिमा श्रीराम लामिछाने र शिक्षा, स्वास्थ्य तथा कृषि समितिको सभापतिमा ठाकुरप्रसाद ढकाल निर्विरोध निर्वाचित हुनुभएको छ। यसैगरी, अर्थ तथा विकास समितिको सभापतिमा नुर बज्राचार्य, उद्योग, पर्यटन तथा वातावरण समितिको सभापतिमा आनन्दकुमार श्रेष्ठ र विशेषाधिकार समितिको सभापतिमा मायादेवी शर्मा पनि निर्विरोध निर्वाचित हुनुभयो ।

प्रदेशसभाको पहिलो कार्यकालअन्तर्गत विषयगत पाँच समिति रहेकामा हाल सर्वदलीय संयुक्त बैठकको निर्णय भएअनुसार विशेषाधिकार समिति गठन गरिएको र त्यसलाई प्रदेशसभाको बैठकले स्वीकृत प्रदान गरेको थियो ।

प्रदेशसभाको बैठकले स्वीकृति प्रदान गरेअनुसार विशेषाधिकार समितिले पनि स्थायित्व प्रदान गरिएको नेपाल कम्युनिष्ट पार्टी (एमाले)का प्रमुख सचेतक मधुसूदन पौडेल र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) संसदीय दलका नेता उद्धव थापाले जानकारी दिनुभयो ।रासस


**Chandranagar Rural Municipality**
**Office of Rural Municipal Executive**
**Chandranagar, Sarlahi**
**Madheshpradesh, Nepal**

**Notice of Intention to Award Contract**

Date of publication:2081/02/06

| S N | Contract Name/identification | Name and Adress of successful bidders | Accepted Bid Amount including PS,VAT(NRs.) |
|---|---|---|---|
| 1 | Surakshita ra swachha khanepani aapurti ko lagi saat ghar eak chapakal karyakaram CRM/NCB/01/2080/081 | D.K. Construction Janakpur-01,Dhanusa | 11701974.05 |

Chief Administrative Officer

**लक्ष्मीनियाँ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**लक्ष्मीनियाँ बजार, धनुषा**
**मधेश प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशय को सुचना**

सुचना प्रकाशित मिति – २०८१।०२।०८ गते

यस गाउँपालिकाको तपशिल बमोजिमको ठेक्का नं. मा उल्लेखित कार्यको लागि मिति २०८०/१२/३० गते प्रकाशित बोलपत्र आव्हानको सुचना अनुसार तोकिएको म्याद भित्र रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मुल्याङ्कन समितिबाट न्युनतम मुल्याङ्कन भई सारभुत रुपमा प्राभावग्राही देखि स्वीकृतीको लागि तपशिल बमोजिमको बोलपत्र छनौट भएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ उपदफा (२) र (३) तथा सार्वजनिक खरीद ऐन २०६३ को दफा ४७ को प्रायोजनार्थ बोलपत्र पेश गर्ने सम्बन्धी सबैको जानकारीको लागि यो ७ (सात) दिने सुचना प्रकाशित गरिएको छ ।

तपशिल

| सि. नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाता को नाम र ठेगाना | कबोल अंक (PS वाहेक) |
|---|---|---|---|---|
| १ | LAX/WORKS/04-2080/81 | Construction of Bilat sah Ma vi Bhawan nirman | किशोर निर्माण सेवा, जनकपुरधाम - १४, धनुषा | १६६५९५४।२५ |

प्रमुख प्रशासकीय अधिकृत

Madhesh province Government
Health and Population Ministry
**Province Health Logistic Management Center**
**Janakpur**

**NOTICE FOR PRICE BID**

DATE OF NOTICE:21th May 2024

Pursuant to clause 31(4) and (5) of Public Procurement Regulation 2064, this is to notify all the bidder that the following substantially responsive technical bidder has been selected for further evaluation as per the invitation for Bids published on National News Paper PHLMC; Madesh Pradesh decides to open the Price bid on 28th May 2024 on 2:0PM

| S. N. | IFB Number | Description of Work | Notice Published Date | Successful Bidders Name and Address |
|---|---|---|---|---|
| 1 | MP/PHLMC/NCB/GOODS-16/2080-81 | PROCUREMENT DELIVERY, SUPPLY AND INSTALLATION OF ENT OPERATING MICROSCOPE AND ENDOSCOPE. | 21th MAY 2024 | 1. Lifeline Trade international Pvt. Ltd;Lalitpur |

# हेलिकप्टर दुर्घटनामा इरानी राष्ट्रपति रायसीसहित नौ जनाको मृत्यु भएको पुष्टि

**भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले इरानी राष्ट्रपति राइसीको हेलिकप्टर दुर्घटनामा भएको दुःखद निधनले आफू मर्माहत र स्तब्ध भएको बताउनुभएको छ ।**

**एएनआई**

तेहरान ।इरानको उत्तरपश्चिमी क्षेत्रमा आइतबार दुर्घटना भएको हेलिकप्टरमा सवार इरानी राष्ट्रपति इब्राहिम रायसी, विदेशमन्त्री हुसेन अमिर अब्दुल्लाहियन र अन्य सबैको मृत्यु भएको इरानी सरकारी सञ्चारमाध्यमले जनाएका छन् ।



प्रेस टिभीद्वारा सम्प्रेषित समाचारमा भनिएको छ, "हेलिकप्टर दुर्घटनामा राष्ट्रपति रायसी, विदेशमन्त्री हुसेन अमिर-अब्दुल्लाहियन, पूर्वी अजरबैजानका गभर्नर मालेक राहमती, इस्लामिक धर्मगुरू मोहम्मद अली अले-हाशेम र अन्य सबै यात्रुहरूको मृत्यु भएको छ ।"इरान-अजरबैजान सीमा क्षेत्रबाट फर्कने क्रममा इरानको उत्तरपश्चिममा रहेको तब्रिज सहरतर्फ जाँदै गर्दा राष्ट्रपति रायसी सवार हेलिकप्टर खराब मौसम (बाक्लो हुस्सु) का कारण दुर्घटनामा परेको थियो । हेलिकप्टरको भग्नावशेष खोयलर गाउँबाट केलेम जाने बाटोमा सोमबारबिहानक्षतविक्षतअवस्थामा फेला परेको हो ।

इरानी समाचार संस्था आइआरएनएका अनुसार राष्ट्रपति र विदेशमन्त्रीको निधनपछि तत्काल मन्त्रिपरिषद् बैठक बोलाइएको छ । केही शवहरू पहिचान खुल्न नसक्ने गरी जलेको इरानी अधिकारीहरूले बताएका छन् । रेड क्रिसेन्टले लिएको भग्नावशेषको ड्रोन फुटेज राष्ट्रिय सञ्चारमाध्यममा प्रसारित गरिएको थियो । सिएनएनका अनुसार फुटेजमा ठाडो जङ्गली पहाडमा दुर्घटनामा परेको हेलिकप्टरको निलो र सेतो पुच्छरभन्दा बाहेक सबै भाग जलेको वा क्षतिग्रस्त भएको देखिन्छ ।

दुर्घटनास्थलको सम्भावित दिशा घोषणा भएपछि उद्धार टोली तुरुन्तै तोकिएको स्थानमा गएको भएपनि हेलिकप्टर फेला नपरेको तस्निम न्यूजले वर्जेकानबाट जानकारी गराएको हो । उत्तरपश्चिम इरानमा आइतबार दुर्घटना भएको हेलिकप्टरमा राष्ट्रपति रायसीसहित तीन उच्च पदस्थ सरकारी अधिकारी, एक जना इस्लाम धर्मगुरू र चालक दलका सदस्य र सुरक्षा टोली गरी नौ जना सवार रहेको तस्निम न्यूजले उल्लेख गरेको छ । मृत्यु हुने अन्य व्यक्तिमा चालक, सह-चालक, चालक दलका प्रमुख, सुरक्षा प्रमुख, र एक अङ्गरक्षक रहेको जानकारी दिइएको छ ।

**इरानी राष्ट्रपति रायसीको निधनप्रति विश्वका नेताद्वारा शोक व्यक्त**

युरोपेली युनियन (ईयू), रूस, चीन, भारत, पाकिस्तान, श्रीलङ्का, टर्की, सिरिया, मलेसिया, इन्डोनेसिया, इजिप्ट, युएई, कतार, दक्षिण अफ्रिकालगायत देश र सङ्गठनका प्रमुखले इरानी राष्ट्रपति रायसीको मृत्युप्रति शोक व्यक्त गरेका छन् ।

चीनका राष्ट्रपति सी चिनफिङले इरानी राष्ट्रपति इब्राहिम राईसीको हेलिकप्टर दुर्घटनामा भएको दुःखद निधनले इरानी जनताका लागि ठूलो क्षति भएको बताउनुभएको छ । राष्ट्रपति सी चिनफिङले भन्नुभएको छ, "इरानी राष्ट्रपति रायसीको दुःखद निधनले इरानी जनताका लागि ठूलो क्षति भएको छ र चिनियाँ जनताले एक असल मित्र गुमाएका छन्," चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता वाङ वेनबिनले नियमित पत्रकार सम्मेलनमा भन्नुभयो ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले इरानका राष्ट्रपति इब्राहिम रायसीको निधनप्रति दुःख व्यक्त गर्दै इरानले एक जना 'उत्कृष्ट राजनीतिज्ञ' गुमाएको र यसबाट इरानलाई 'अपूरणीय क्षति' भएको बताउनुभएको छ । पुटिनले भन्नुभयो, "रायसी एक उत्कृष्ट राजनीतिज्ञ हुनुहुन्थ्यो । उहाँको सम्पूर्ण जीवन आफ्नो मातृभूमिको सेवामा समर्पित थियो ।" पुटिनद्वारा जारी शोक वक्तव्यमा भनिएको छ, "रूसको एक सच्चा मित्रको रूपमा उहाँले हाम्रो देशसँग एक असल छिमेकीको सम्बन्धको विकासमा व्यक्तिगतरूपमा उहाँले अमूल्य योगदान गर्नुभएको थियो ।"

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले इरानी राष्ट्रपति राइसीको हेलिकप्टर दुर्घटनामा भएको दुःखद निधनले आफू मर्माहत र स्तब्ध भएको बताउनुभएको छ । "उहाँको परिवार र इरानका जनताप्रति मेरो हार्दिक समवेदना छ," मोदीले सामाजिक सञ्जाल एक्समा लेख्नुभएको छ । "दुःखको यस घडीमा भारत इरानको साथमा रहनेछ ।" भारत र इरानबीच ऐतिहासिक रूपमा घनिष्ठ सम्बन्ध रहँदै आएको छ । अमेरिकी प्रतिबन्धका बावजुद् पनि विश्वको प्रमुख अर्थव्यवस्था भारतले इरानबाट धेरै वर्षदेखि ठूलो मात्रामा तेल आयात गर्दै आएको छ ।

पाकिस्तानका प्रधानमन्त्री शहबाज सरिफले इरानका राष्ट्रपति इब्राहिम रायसीको हेलिकप्टर दुर्घटनामा मृत्यु भएको समाचारले आफू स्तब्ध भएको बताउनुभएको छ।"राष्ट्रपति रायसी र उहाँका साथीहरूको मृत्युप्रति शोक व्यक्त गर्न र इरानको राष्ट्रिय शोकको यस घडीमा ऐक्यबद्धता जनाउन पाकिस्तानले सोमबार एक दिन राष्ट्रिय शोकको घोषणा गरेको छ ।उक्त दिन पाकिस्तानले आफ्नो राष्ट्रिय झण्डालाई आधा झुकाउनेछ," शहबाजले ट्वीटरमा लेख्नुभएको छ ।

**इरानी राष्ट्रपति रायसीको निधनपछि उपराष्ट्रपति मोखबरले जिम्मेवारी सम्हाल्ने**

तेहरान ।इरानका राष्ट्रपति इब्राहिम रायसीको आइतबार हेलिकप्टर दुर्घटनामा परी मृत्यु भएपछि देशको पहिलो उपराष्ट्रपति मोहम्मद मोखबरले कार्यबाहक राष्ट्रपतिका रूपमा पदभार ग्रहण गर्ने सर्वोच्च नेता आयातोल्लाह खामेनीले बताउनुभएको छ ।

इरानको संविधानले मोखबरको आन्तरिम नियुक्तिका लागि सर्वोच्च नेता खामेनीलाई अधिकारसुम्पिएको छ । उहाँ सबै राज्य मामिलामा अन्तिम निर्णायक हुनुहुन्छ ।हालको अवस्थामा स्थायी उत्तराधिकारी छनोट गर्न ५० दिनभित्र राष्ट्रपतीय निर्वाचन गर्नुपर्ने प्रावधान इरानी संविधानमा रहेको छ र सभामुख , न्यायपालिकाका प्रमुख र उपराष्ट्रपतिले बनेको परिषद्लाई राष्ट्रिय मतदानको आयोजना गर्ने जिम्मा दिइन्छ।

इरानले राष्ट्रपति रायसीलगायतका दुर्घटनामा दिवङ्गत भएका नेताहरूको सम्झनामा पाँच दिनको राष्ट्रिय शोकको घोषणा गरेको छ ।इरानी संविधानले 'राष्ट्रपतिको मृत्यु, बर्खास्त, राजीनामा, अनुपस्थिति वा दुई महिनाभन्दा बढी बिरामी भएमा' पहिलो उपराष्ट्रपतिले राष्ट्रपतिको पदभार ग्रहण गर्ने व्यवस्था गरेको छ । विदेश मन्त्री हुसेन अमिर-अब्दुल्लाहियन र अन्य अधिकारीहरूसँगै आइतबार दुर्घटनामा पर्नुभएको राष्ट्रपति रायसी आफ्नो चार वर्षीय पहिलो कार्यकालको अन्त्यतिर हुनुहुन्थ्यो ।

अगस्त २०२१ मा रायसीले कार्यभार सम्हालेपछि ६८ वर्षीय मोखबरलाई उपराष्ट्रपति नियुक्त गरिएको थियो। सन् २००७ देखि वर्षौंसम्म मोखबरले सन् १९७९ को इस्लामिक क्रान्तिपछि जफत गरिएका सम्पत्तीहरुको व्यवस्थापन गर्ने सरकारी सङ्गठन इमाम खोमेनीको आदेशको कार्यान्वयनको अध्यक्षतागर्नुभएको थियो । सन् १९८० को दशकमा स्थापना भएको यो सङ्गठन राज्यको प्रमुख आर्थिक समूह बनेको छ ।

सन् १९८० मा इस्लामिक गणतन्त्रको पहिलो मतदानपछि प्रत्येक चार वर्षमा इरानीहरूले राष्ट्रपति चुनावका लागि मतदान गर्दै आइरहेका छन् । संविधानले इरानी राष्ट्रपतिका लागि दुई कार्यकालको सीमा तय गरेको छ । प्रधानमन्त्रीको प्रावधान नरहेको इरानमा राष्ट्रपतिलाई विभिन्न उपराष्ट्रपतिहरूसँगको सहकार्यमा मन्त्रिपरिषद्को गठन र निर्देशनको जिम्मेवारी दिइन्छ ।

# 'खेल्ने सामग्री कसले दिन्छ ?'



काठमाण्डु । "हाम्रो विद्यालयमा केटीहरुलाई खेल्ने सामग्री छैन । कसले दिन्छ वडाध्यक्ष ज्यु ?" यो प्रश्न कक्षा ९ की विद्यार्थी क्रिष्टिना खड्काले काठमाडौँ महानगरपालिका-१० का वडाध्यक्ष रामकुमार केसीसमक्ष गरेकी हुन् ।

रत्नराज्यलक्ष्मी उच्च माध्यमिक विद्यालयमा अध्ययनरत क्रिष्टिनाले आज विद्यालयको हलभित्र वडाध्यक्षलाई प्रश्न गरेकी छन् । "स्कुलमा खेलकुदमा विभेद् छ । केटालाई जति खेलकुदमा महत्व दिइन्छ त्यति केटीलाई ध्यान दिने गरिँदैन", उहाँले भन्नुभयो । क्रिष्टिनाको प्रश्नप्रति वडाध्यक्ष केसीले तत्कालै सम्बोधन गर्दै आवश्यकपर्ने खेलकुद सामग्रीको बजेट तयार पारेर खरिद गर्न विद्यालयका प्रधानाध्यापकलाई निर्देशन दिनुभयो । खेलकुद सामग्री आउने कुराले क्रिष्टिनालगायत बालबालिकाले खुसी हुँदै उहाँलाई धन्यवाद दिएका थिए ।

एकता फाउन्डेशनले सोमबार मध्यबानेश्वरस्थित उक्त विद्यालयमा 'बालबालिका र वडाध्यक्षबीच प्रश्न-उत्तर' कार्यक्रम आयोजना गरेको थियो। 'बालविकास विषयक' विद्यालयस्तरीय कार्यक्रममा सहभागी अरु विद्यार्थीलेसमेत आफ्ना जिज्ञासा जनप्रतिनिधिसमक्ष राखेका थिए । वडाध्यक्ष केसीले बालबालिकाको विकासका लागि आवश्यक रणनीति बनाएर अघि बढ्नुपर्ने भन्दै आफ्नोतर्फबाट सदैव सहयोग रहने प्रतिबद्धता जनाउनुभयो ।

विद्यालयमा खेलमैदानको अभाव रहेको भन्दै वडाध्यक्ष केसीले भद्रघले सदनको खुला मैदानमा विद्यालयका लागि रङ्गशाला बनाउने तयारी भइरहेको जानकारी दिनुभयो । "खेलमा विभेद् हुनुहुँदैन, सबैले खेल्ने वातावरण बनाउदैछौँ", उहाँले भन्नुभयो, "योजना बनाएर हरेक सामुदायिक विद्यालयमा खेल मैदान बनाउने छौँ ।

" विद्यार्थीले शैक्षिक भ्रमण गर्न नपाएको गुनासो गरेपछि वडाध्यक्षले विद्यार्थीलाई शैक्षिक भ्रमण समिति बनाउन सुझाव दिँदै सोहीअनुसार बजेट ल्याइने बताउनुभयो ।

"एउटै बेन्चमा सात जना कोचिएर पढ्नुपर्छ । हामीले कहिले खुला भएर पढ्न पाउने रु" यो प्रश्नमा वडाध्यक्ष केसीले उक्त समस्याको चाँडै समाधान निकाल्ने प्रतिबद्धता जनाउनुभयो । कार्यक्रमा शिक्षा मन्त्रालयका शाखा अधिकृत उषा लामिछानेले 'बालअधिकार र विद्यालयमा बालमैत्री वातावरण निर्माणमा विद्यार्थीको भूमिका' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

वडा सदस्य सुनिता भित्रकोटीले रत्नराज्यलक्ष्मी विद्यालयको शैक्षिक गुणस्तर सुधारिँदै गएको बताउनुभयो । विद्यालयका प्रधानाध्यापक रामाशिष यादवले विद्यालयको सीमित स्रोतसाधनमा पनि बालबालिकालाई पढ्ने अनुकूल वातावरण मिलाउँदै आएको बताउनुभयो ।

उहाँले पछिल्लो समय पढ्ने मात्रै शिक्षा नभई असल संस्कृति अनुशरण गर्नु पनि रहेको बताउँदै बालबालिकामा असल संस्कृतिको अभ्यास गराइरहेको जानकारी दिनुभयो । एकता फाउन्डेशनका अध्यक्ष रामहरि शाही (समुन्द्री)ले बालबालिकामा प्रश्न गर्ने संस्कार विकास गराउन यस्तो अन्तर्क्रिया कार्यक्रम गर्दै आइएको जानकारी दिनुभएको थियो ।रासस

# म्याराथनको उपाधि आर्मीका श्रेष्ठलाई



ताप्लेजुङ । ताप्लेजुङ पर्यटन महोत्सवअन्तर्गत सोमबार भएको पाथीभरा म्याराथन दौडमा त्रिभुवन आर्मी क्लबका होमलाल श्रेष्ठ प्रथम हुनुभएको छ । श्रेष्ठले फुङलिङ-पाथीभरा ४८ किलोमिटरको निर्धारित दूरी चार घण्टा पाँच मिनेट २७ सेकेन्डमा पूरा गर्नुभएको थियो ।

प्रथम हुनुभएका श्रेष्ठले रु एक लाख ५१ हजार एक सय ११ सहित प्रमाणपत्र पाउनुभएको छ । यस्तै, त्रिभुवन आर्मी क्लबकै तिलक सुनुवार द्वितीय हुनुभएको छ । उहाँले निर्धारित दूरी चार घण्टा १२ मिनेट ४८ सेकेन्डमा पूरा गर्नुभएको थियो । उहाँले रु एक लाख ११ हजार एक सय ११ सहित प्रमाणपत्र प्राप्त गर्नुभयो । तृतीय हुनुभएका आर्मीकै प्रताप थाम्सुहाङले चार घण्टा १३ मिनेट २४ सेकेन्डमा निर्धारित दूरी पार गर्नुभएको थियो । उहाँलाई रु ५१ हजार एक सय ११ सहित प्रमाणपत्र प्रदान गरिएको छ । पाथीभरा खुला म्याराथनमा एक सय १४ जना सहभागी हुनुभएको थियो ।

महिला हाफ म्याराथनतर्फको उपाधि पनि आर्मी क्लबकै सुनसरी रोकाया प्रथम हुनुभएको छ । रोकायाले सदरमुकाम-काफ्लेपाटी ३९ किलोमिटरको निर्धारित दूरी तीन घण्टा ४४ मिनेट ५२ सेकेन्डमा पूरा गर्नुभएको थियो ।

यस्तै, फुङलिङ-६ की कुमारी गुरुङ चार घण्टा २२ मिनेट ५३ सेकेन्डमा निर्धारित दूरी पार गरी दोस्रो हुनुभएको छ । मैवाखोला गाउँपालिका-१ ढुङ्गेसाँघुकी विनिता तामाङले चार घण्टा २७ मिनेट ४९ सेकेन्डमा निर्धारित दूरी पार गरी तेस्रो हुनुभएको छ । महिलातर्फका प्रथम, द्वितीय र तृतीयले क्रमशः रु ८१ हजार एक सय ११, रु ५१ हजार एक सय ११ र रु ३१ हजार एक सय ११ सहित प्रमाणपत्र प्राप्त गरेका छन् ।

महिला हाफ म्याराथन दौडमा ४७ धावक सहभागी हुनुभएको पाथीभरा म्याराथन दौड व्यवस्थापन उपसमितिका संयोजक विनोद भारतीले जानकारी दिनुभयो । यही जेठ ३ गतेदेखि सुरु भएको ताप्लेजुङ महोत्सव सोमबार सम्पन्न भएको छ । महोत्सवअन्तर्गत डोको क्यारी रन, अन्तरपालिकास्तरीय मेयरकप रनिङ भलिबल प्रतियोगितासहितका खेलकुद भएका छन्भने पाथीभरा साइकल यात्रासमेत सम्पन्न भएको छ ।

जिल्लाको पर्यटन प्रवर्द्धन र विकासका लागि आयोजित महोत्सवमा घरेलु औद्योगिक कृषि प्रदर्शनी, विभिन्न जातीय समुदायका खाद्य परिकारका कक्ष राखिएका थिए । महोत्सवमा हरेक दिन सांस्कृतिक तथा साङ्गीतिक कार्यक्रम गरिएका थिए । आइतबार गायक प्रताप दाससहितका कलाकारले आफ्नो प्रस्तुति देखाएका थिए भने सोमबार समापनको दिन गायिका रचना रिमाल प्रस्तुति रहेको थियो ।रासस

# आणविक सामग्री चोरीविरुद्ध 'सतर्कता' अपनाउन आग्रह

**एएफपी**

भियना ।संयुक्त राष्ट्रसङ्घले गत ३० वर्षमा चार हजार २०० भन्दा बढी आणविक सामग्री चोरी वा अन्य घटनाहरू दर्ता भएको भन्दै सोमबार आणविक र अन्य रेडियोधर्मी सामग्रीको तस्करीविरुद्ध 'सतर्कता' अपनाउन आह्वान गरेको छ ।




गत वर्ष ३१ वटा देशले १६८ वटा चोरी र तस्करीको घटना दर्ता गरेको अन्तर्राष्ट्रिय आणविक ऊर्जा निकाय (आइएइए) ले जनाएको छ । यसमध्ये छ वटा सम्भवतः तस्करी वा दुर्भावनापूर्ण प्रयोगसँग सम्बन्धित रहेको पुष्टि भएको आइएइएले बताएको हो । सन् १९९३ देखि आइएइएले चार हजार २४३ वटा घटनाहरू रेकर्ड गरेको छ जसमध्ये ३५० घटना तस्करी वा दुर्भावनापूर्ण प्रयोगसँग जोडिएको पाइएको छ ।

"घटनाहरूको पुनरावृत्तिले रेडियोधर्मी सामग्रीको नियन्त्रण, सुरक्षा र उचित डिस्पोज गर्न नियामक निरीक्षणको सतर्कता र निरन्तर सुधारको आवश्यकतालाई पुष्टि गर्दछ," आइएइएका आणविक सुरक्षा महाशाखाकी निर्देशक एलेना बुग्लोभाले भन्नुभयो । आइएइएले युरेनियम, प्लुटोनियम र थोरियमजस्ता आणविक सामग्री समावेश भएका घटनाहरूमा गिरावट आएको उल्लेख गरेको छ । बुग्लोभाले विशेष गरी ओसारपसारका क्रममा बढी असुरक्षित रहने बताउँदै ओसार पसारसम्बन्धी सुरक्षा उपायलाई सुदृढ पार्न महत्वपूर्ण रहेकोमा जोड दिनुभयो ।

अस्ट्रियाको राजधानीमा शुक्रबारसम्म चल्ने आणविक सुरक्षासम्बन्धी चौथो अन्तर ष्ट्रिय सम्मेलनको उद्घाटन गर्दै भियनास्थित आइएइए कार्यालयले यो तथ्याङ्क सार्वजनिक गरेको हो । यसअघि सन् २०२० मा भियनामा यो सम्मेलन आयोजना गरिएको थियो । हाल कूल १४५ राज्यले आणविक वा अन्य रेडियोधर्मी सामग्री हराएको, चोरी भएको, अनुचित रूपमा डिस्पोज गरिएको वा अन्यथा बेवास्ता गरिएको घटनाहरू आइएइएमा जानकारी गराएका छन् ।

रेडियोधर्मी पदार्थहरू विशेषत विश्वभरका अस्पताल, विश्वविद्यालय र उद्योगमा प्रयोग गरिन्छ । यस विषयमा चरमपन्थीहरूले सामग्रीहरू प्राप्त गरी तिनीहरूलाई 'डर्टी बम' का रूपमा प्रयोग गर्नसक्ने ठुलो चिन्ता रहेको छ । 'डर्टी बम'ले विखण्डित वा 'फ्यूजन एटम बम'को तुलनामा कम क्षति पुऱ्याउने भएपनि यसले सहरी क्षेत्रमा ठूलो आतङ्क निम्त्याउन सक्छ ।

# इन्डोनेसियामा १० औँ विश्व पानी सम्मेलन सुरू

**सिन्ह्वा**

बाली । इन्डोनेसियाको बाली टापुमा सोमबार 'साझा समृद्धिका लागि पानी' विषयअन्तर्गत १०औँ विश्व पानी सम्मेलन औपचारिकरूपमा सुरू भएको छ ।

सम्मेलनमा विश्वका धेरै देशका नेता तथा संयुक्त राष्ट्रसङ्घका गर्नुभएको छ ।उहाँले भन्नुभयो, "यो समयमा बालीमा भेला गरेर इन्डोनेसियाले पानीसँग सम्बन्धित विश्वव्यापी चुनौतिहरू पार गर्न गरेको सहयोगको प्रतिबद्धतालाई बलियो बनाउन विश्वले निरन्तर रूपमा हात मिलाउन सक्ने आशा गर्दछ ।"

विश्व जल परिषद्का




प्रतिनिधिहरू समेतको उपस्थिति रहेको छ ।दशौं विश्व पानी सम्मेलनले जल संरक्षण, स्वच्छ पानी र सरसफाई, खाद्य र ऊर्जा सुरक्षा तथा प्राकृतिक प्रकोपको न्यूनीकरण गरी चार विषयमा केन्द्रित रहने बताइएको छ ।

सम्मेलनका अवसरमा बोल्नुहुँदै इन्डोनेसियाका राष्ट्रपति जोको विडोडोले सन् २०५० सम्ममा विश्वको खाद्यान्नमा ८० प्रतिशत योगदान गरेपनि ५० करोड साना किसानहरू खडेरीको चपेटामा पर्ने अनुमान अध्यक्ष लोइक फाउचोनले पनि पानीले मानिसहरूलाई एकजुट गर्ने तर पृथ्वीलाई मानिसहरूले क्षति पुऱ्याएका कारण धेरै स्थानमा पानीको अभाव बढ्दै गएको बताउनुभयो । उहाँले भन्नुभयो, "यो त्रासदीबाट अवगत भएर यसलाई सुधार गरी हामी भावी पुस्तालाई आशा, इच्छा र शान्ति दिन चाहेका छौँ ।" सम्मेलनले यस बिषयमा व्यापक छलफल गरी सुधारका लागि आवश्यक निर्णयहरू गर्नेछ ।

# महिला उद्योगी व्यवसायी बढ्दै



वागमती । पछिल्लो केही वर्षयता मकवानपुर जिल्लामा महिला उद्योगी व्यवसायीको संख्या बढ्दै गएको छ। सरकारले महिला सञ्चालक भएको कारोबारको उद्योग व्यवसायीको दर्तामा ५० प्रतिशत मात्र दस्तुर लाग्ने व्यवस्था गरेपछि जिल्लामा प्रायः महिलालाई सञ्चालक बनाएर उद्योग व्यापार दर्ता गराउनेक्रम बढेको हो ।

अचेल दैनिक १० देखि १२ वटासम्म नयाँ उद्योग व्यापार दर्ता हुने गरेकामा करिब ७० प्रतिशत उद्योग व्यापार महिलाकै नाममा दर्ता हुने गरेको घरेलु तथा साना उद्योग कार्यालय मकवानपुरका प्रमुख रामप्रसाद भुसालले बताउनुभयो । उहाँले पुरुषका नाममा उद्योग व्यापार दर्ता गराउँदा बढी दस्तुर लाग्ने भएकाले महिलालाई प्रमुख बनाएर व्यापार दर्ता गराउनेक्रम बढेको जानकारी दिनुभयो। घरेलु तथा साना उद्योग कार्यालय मकवानपुरका अनुसार चालु आर्थिक वर्ष २०८०/८१ को १० महिनाको अवधिमा मकवानपुरमा तीन सय २८ नयाँ उद्योग दर्ता भएकामा त्यसमध्ये एक सय ४८ व्यवसायको मालिक महिला छन् ।

यस्तै चालु आवको वाणिज्यतर्फ दुई सय ९१ नयाँ व्यवसायी दर्ता हुदाँ एक सय ६१ व्यवसायीको सञ्चालक महिला नै रहेको छ। महिलाका नाममा दर्ता भएका व्यवसायतर्फ अधिकांश जेनरल स्टोर्स, सिलाइकटाइ टेलरिङ, ब्युटीपार्लर रहेका छन् भने उद्योगतर्फ अधिकांश कृषि र माछा तथा पशुपालन बढिरहेको छ । यसले पछिल्लो समय महिलालाई उद्योग व्यवसायको मालिक बनाउनेक्रम बढेको पुष्टि गरेको छ। सरकारले महिलाका नाममा दर्ता हुने उद्योग व्यवसायलाई दस्तुरमा छुट दिनु, स्थानीय प्रशासनले पनि उद्योग व्यवसायी दर्ताका लागि कडाइ गर्नु र बैंक तथा वित्तीय संस्थाबाट उद्योग व्यवसायमा ऋण लगानी सहज हुनसक्नेलगायत कारण घरेलु तथा साना उद्योग व्यवसाय दर्ता गराउनेक्रम बढेको प्रमुख भुसालको कथन छ।

"घरकै काममा मात्र सीमित रहँदै आएकी महिलालाई उद्योग पहिलापहिला महिलालाई उद्योग व्यापारको मालिक बनाउनु हुँदैन भन्ने समाजमा मानसिकता थियो", स्थानीय बुद्धिजीवी हरिप्रसाद रिजालले भन्नुभयो, "तर अहिले त्यो मानसिकता हट्दै गएकाले महिलालाई उद्योग व्यापारको मालिका बनाउन थालिएको छ ।" यस अवधिमा उद्योगतर्फ ३३ वटा उद्योगको नामसारी, २४ वटा ठाउँ सारी, नौ सय ३४ वटा नवीकरण, चार सय ५१ वटाको पुँजीवृद्धि, ६७ वटाको प्रतिलिपि, एक सय ६७ वटाको लगत कट्टा तथा २८ वटाको उद्देश्य थप गरिएको घरेलु तथा साना उद्योग कार्यालय मकवानपुरले जनाएको छ।

यस्तै सो अवधिमा वाणिज्यतर्फ १६ वटा को नामसारी, २५ वटा उद्योगको ठाउँ सारी, सात सय ७७ वटा उद्योगको पुँजी वृद्धि, एक हजार दुई सय १४ वटा उद्योगको नवीकरण, दुई सय सात वटा उद्योगको लगत कट्टा, तथा ४१ वटा उद्योगको उद्देश्य थप गरिएको प्रमुख भुसालको भनाइ छ।

नयाँ उद्योग तथा वाणिज्य दर्ता, नवीकरण, लगत कट्टालगायतका शीर्षकबाट यस अवधिमा रु दुई करोड ६३ लाख २२ हजार तीन सय ५२ राजस्व सङ्कलन भएको प्रमुख भुसालले बताउनुभयो । गत आर्थिक वर्ष २०७९/८० मा उद्योगतर्फ पाँच सय ७९ नयाँ उद्योग दर्ता, एक हजार ५६ उद्योगको नवीकरण, एक सय १० उद्योगको लगत कट्टा तथा वाणिज्यतर्फ चार सय ३० नयाँ दर्ता, एक हजार चार सय सात वटाको नवीकरण र एक सय ७३ वटाको लगत कट्टा गरिएको थियो ।रासस

# मकैमा फौजी कीरा र फलफूलमा औँसाको सङ्क्रमण



गलेश्वर । लामो समयको खडेरीपछि परेको लगातारको वर्षाका कारण म्याग्दीमा लगाइएको मकैखेती र फलफूलमा रोग तथा कीराको सङ्क्रमण देखिएको छ।

खडेरीका कारण यस वर्ष गहुँ उत्पादनमा कमी आएपछि चिन्तित बनेका किसान मकै छर्ने समयमा पानी नपरेपछि उत्पादन हुने सबै ठाउँमा खेती गर्न सकेका छैनन् । खडेरीमा छरिएको मकै पानी परेपछि निकै ढिलोगरी उम्रेका र ती बिरुवामा पनि डडुवा र फौजी कीराको सङ्क्रमण देखिन थालेपछि किसान चिन्तित बनेका हुन् ।मालिका-६ का किसान वीरबहादुर विश्वकर्माले मकैबालीका साथै फलफूल, तरकारी र कोसेबालीमा समेत औँसा र फौजी कीराको सङ्क्रमण देखिन थालेको बताउनुभयो ।जिल्लाको मालिका, मङ्गला, रघुगङ्गा, धवलागिरि र अन्नपूर्ण गाउँपालिकालगायत बेनी नगरपालिकाका विभिन्न ठाउँमा गरिएको मकैखेतीमा रोगको सङ्क्रमण देखिएको स्थानीय तहका कृषि प्राविधिकले बताएका छन् ।

यहाँका किसानले लगाएको फलफूलमा औँसा, केरामा खपटे, गवारो र मकैबालीमा फौजी कीराको सङ्क्रमण प्रकोप देखिएको मालिका-१ निस्कोटका कृषक तीर्थबहादुर पुनले बताउनुभयो । उहाँका अनुसार सुन्तला र केराखेतीमा पनि सङ्क्रमण देखिन थालेको छ ।फूल फुलेर बतिला लाग्न थालेका सुन्तला, बारीभरि फलेका काँक्रा, घिरौंला, गोलभैँडालगायत तरकारी तथा फलफूलमा औँसा, घोगा लाग्न थालेका मकैमा फौंजी र केरा खेतीमा खपटे कीराको सङ्क्रमण देखिएपछि किसान चिन्तित बनेका मङ्गला गाउँपालिकाका कृषि प्राविधिक जगत बानियाँले बताउनुभयो।

प्रायःफल पाकेर टिप्ने बेलामा देखिने औँसा कीराको सङ्क्रमण बतिलामै देखिएपछि किसान उत्पादन घट्नेमा चिन्तित छन् । किसानले लगाएका काँक्रा र पाक्न लागेका आरु, आरुपखडामा पनि औँसा कीराको सङ्क्रमण भेटिएको उहाँको भनाइ छ ।मकैबालीमा अमेरिकन फौजी कीरा र गोलभैँडामा सेतो ढुसीको समस्या देखिएको म्याग्दीका अगुवा कृषक चन्द्रबहादुर कार्कीले जानकारी दिनुभयो।

कीराको सङ्क्रमणलाई थप फैलिन नदिन किसानलाई सचेत गराइएको जिल्लास्थित कृषि ज्ञान केन्द्रले जनाएको छ। केन्द्रकाअनुसार कृषि प्राविधिकले सिफारिस गरेका मकैको जातका आधारमा सोहीअनुसारको उपचार विधि र विषादी किसानलाई उपलब्ध गराइएको छ।

गोलभैँडामा लागेको डढुवाको समस्याले व्यावसायिक किसान मर्कामा परेका मङ्गला-५ का किसान विक्रम सेनले बताउनुभयो । उहाँका अनुसार जिल्लाका अधिकांश स्थानमा लगाइएका मकै, फलफूल तथा तरकारीखेतीमा विभिन्न सङ्क्रमणले क्षति पुर्‍याएको छ । निस्कोट, रणबाङ, ज्यामरुककोट, बाबियाचौर, अर्मन, रत्नेचौर, रुम, देविस्थानलगायत क्षेत्रका किसानले लगाएको मकैबालीमा फौजी कीराको सङ्क्रमण अत्यधिक देखिएको केन्द्रको भनाइ छ । घोगा हाल्न लागेका मकैका बोटमा फौजी कीराको आक्रमण बढी भएकाले बोट नै सकिन थालेको मङ्गला-२ का प्रताप सापकोटाले बताउनुभयो । उहाँका अनुसार विषादीलेसमेत कीराको आक्रमण रोकिन सकेको छैन।

बगरफाँट, खबरा, भकिम्ली, बाबियाचौरका किसानले लगाएका सयौँ रोपनी जमिनको मकै बालीमा फौजी कीराको सङ्क्रमण देखिएको भन्दै कतिपय ठाउँमा विषादीलेसमेत समस्या समाधान नभएको कृषि प्राविधिक बानियाँले जानकारी दिनुभयो । कीराको सङ्क्रमण नियन्त्रण गर्न किसानलाई प्राविधिक सेवा र विषादी निःशुल्क उपलब्ध गराइँदै आइएको उहाँले बताउनुभयो । यहाँका किसानले परम्परागतरुपमा लगाउँदै आएका मकैबालीमा फौजी कीराको आक्रमण बढी छ । जिल्लाको ज्यामरुकोट क्षेत्रमा भने मकैका बोट उम्रन थालेदेखि नै फौजी कीराको आक्रमण बढेकाले बोट जोगाउनै मुस्किल परेको कृषि प्राविधिक बानियाँले बताउनुभयो।

प्रायः सुक्खा मौसममा देखिने फौजी कीरा पछिल्लो समय वर्षा भइरहँदा पनि देखिन थालेका कृषि प्राविधिक बताउँछन् ।

फौजी कीराले मकैको पातमा लाम्चा आकारका झिल्लीमात्र छाडेर मकैको पातलाई कोतरेर खानाका साथै घोगा, पात, जुँगा र गुभोमा पनि क्षति पुर्‍याउने बानियाँले बताउनुभयो। जिल्लामा व्यावसायिकरुपमा गरिएको केरा र आलुखेतीमा पनि सङ्क्रमण देखिन थालेकाले सबै समयमै सचेत भई समाधानका उपाय खोज्नुपर्ने उहाँको भनाइ छ ।डढुवा रोगका कारण आलुका बोट सुक्न थालेपछि किसानले औषधि प्रयोग गर्न थालेका छन् । कतिपय ठाउँमा औषधि प्रयोग गरे पनि सङ्क्रमण कम नभएको बगरफाँटका कृषक खीमबहादुर कार्कीले बताउनुभयो ।

किराका साथै रातो कमिलासमेत देखिन थालेको उहाँको भनाइ छ ।रासस

# नेप्से परिसूचकमा वृद्धि, कारोबार रकम उच्च



काठमाण्डु । यो साता कारोबारको लगातार दोस्रो दिन सोमबार पनि नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा उच्च अङ्कको वृद्धि देखिएको छ भने पछिल्लो चार महिनायताकै उच्च रकम कारोबार भएको छ।

आइतबार नेप्से परिसूचक ४५ दशमलव ६९ अङ्कले बढेकामा सोमबार २७ दशमलव ५४ अङ्कले बढेर दुई हजार ९२ को बिन्दुमा कायम भएको छ। सोमबार तीन सय १५ कम्पनीको एक करोड ४३ लाख ७० हजार छ सय ८९ कित्ता शेयर ८० हजार नौ सय ८२ पटक खरिद बिक्री हुँदा रु पाँच अर्ब ८५ करोड ४३ लाख ५४ हजार दुई सय १२ बराबरको कारोबार भएको छ। यो कारोबार रकम गत पुस २७ गते यताकै उच्च हो। सोमबारको कारोबारपछि कूल बजार पुँजीकरण रु ३३ खर्ब १७ अर्ब २९ करोड ६५ लाख ८० हजार हाराहारी पुगेको छ।

सोमबारको कारोबारमा वित्त समूह शून्य दशमलव ५७, जीवन बीमा समूह शून्य दशमलव ०८, उत्पादन तथा प्रशोधन शून्य दशमलव ५२, लघुवित्त शून्य दशमलव ६५ र अन्य समूहको उपसूचक शून्य दशमलव ५० प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ। सबैभन्दा धेरै बैंकिङ समूहको उपसूचक चार दशमलव १८ प्रतिशतले बढेको छ। त्यस्तै विकास बैंक शून्य दशमलव ४२, होटल तथा पर्यटन शून्य दशमलव ३९, जलविद्युत् एक दशमलव ३८, लगानी एक दशमलव ८४, म्युचुअल फन्ड एक दशमलव २४, व्यापार दुई दशमलव २३ र अन्य समूह शून्य दशमलव ५२ प्रतिशतले बढेको छ।

सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड, बुद्धभूमि नेपाल हाइड्रोपावर कम्पनी लिमिटेड, भगवती हाइड्रोपावर डेभपलमेन्ट कम्पनी लिमिटेड र नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै घट्नेमा भने उपकार लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य सात दशमलव ४० र सृजनशील लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य छ दशमलव ३५ प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा सोमबार सबैभन्दा धेरै पोखरा फाइनान्स लिमिटेड रु १९ करोड ९२ लाख ९९ हजार आठ सय २४ बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा भने कुमारी बैंक लिमिटेडको चार लाख ४३ हजार ५८ कित्ता शेयर खरिद बिक्री भएको छ ।रासस


**मधेश प्रदेश सरकार**

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

**पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय**

**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र**

**जनकपुरधाम, धनुषा**

**ईलेक्ट्रिक च्याफकटर र एरिएटर आपूर्ति र जडान गर्ने कार्यको लागि फर्म/कम्पनी/आपूर्तिकर्ता सुचिकृत तथा प्रति इकाई दरभाउ सहित सिलबन्दी आवेदन प्रस्ताव आव्हान सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०८१/०२/०८)

यस कार्यालयको आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार ईलेक्ट्रिक च्याफकटर र एरिएटर खरिद तथा वितरण कार्यका लागि मधेश प्रदेशको "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ (पहिलो संशोधन, २०७७)" बमोजिम फर्म/कम्पनी/आपूर्तिकर्ताहरुको मौजुदा सूची तयार गर्ने प्रयोजनको लागि स्वीकृत स्पेसिफिकेसन बमोजिमको प्रति इकाई दरभाउ सहित सिलबन्दी प्रस्ताव यो सूचना प्रकाशन भएको मितिले १५ औं दिन (मिति २०८१/०२/२२ गते) सम्म कार्यालय समयभित्र देहाय अनुसारका कागजातहरु संलग्न राखी सिलबन्दी प्रस्ताव यस कार्यालयमा दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौट प्रकृयामा समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ। यस सम्बन्धमा विस्तृत जानकारी, स्वीकृत प्राविधिक स्पेशिफिकेशन र प्रस्ताव पत्र यस कार्यालयबाट वा कार्यालयको वेवसाईट (https://vhlsecdhanusha.p2.gov.np/) बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ। प्रस्तावपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा रहनेछ। यस सम्बन्धमा थप जानकारीका लागि यस कार्यालयको पशु चिकित्सक डा. रंजीत कुमार अधिकारी (मोबाईल नम्वरः ९८५४०५२१२७) र अधिकृत श्री रामबाबु साह (मोबाईल नम्वर ९८४६७१८७२०) लाई सम्पर्क गर्नु हुन अनुरोध छ।

**देहायः**

१. रु. १० को टिकट टाँस गरेको प्रस्तावपत्र ।
२. सिलबन्दी प्रस्तावसाथ अनिवार्य रुपमा आ.व. २०८०/०८१ सम्मको नवीकरण भएको ईजाजत पत्र, स्थायी लेखा नम्बर (PAN/VAT) प्रमाणपत्र, आ.व. २०७९/०८० को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न राखि अधिकारिक व्यक्तिले निवेदन दिनु पर्ने ।
३. यन्त्र उपकरणको स्पेशिफिकेशन खुल्ने क्याटलग, ब्रोसर, बुकलेट र लिफलेट समेत सम्बन्धित प्रस्तावदाताले प्रमाणित गरि प्रस्तावसाथ समावेश गर्नु पर्ने ।
४. आपूर्ति प्रतिवद्धता सम्बन्धि कागजात अनिवार्य रुपमा समावेश गर्नुपर्ने ।
५. Free of cost replacement guarantee भएको उपकरणको हकमा सो सम्बन्धि उत्पादक कम्पनीको पत्र ।
६. अन्य आवश्यक कागजातहरु ।

**कार्यालय प्रमुख**



## Invitation for Bids

**Madhesh Province Government**

**Ministry of Health and Population**

**Province Health Logistic Management Center**

**Janakpur**

**Date of Publication: 21th May 2024**

1. The Ministry of Health and population, Province Health logistic Management Center invites electronic bids from eligible bidders for the procurement of below mentioned commodities under National competitive bidding – Single Stage Single Envelope (IS1E) procedures.
2. Eligible Bidders may obtain further information from PPMO eGP system www.bolpatra.gov.np/egp
3. A Bidder shall submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below.

**Information to deposit the cost of bidding document in Bank:**

**Name of the Bank:** RastriyaBanijya Bank Limited
**Name of Office:** Province Health Logistic Management Center
**Office Code no.:** 3500717012
**Revenue Account no.:** 1000100200010000
**Rajaswa (revenue) Shirshak no.:** 14229
**Dharauti A/C no.:** 1220100202030000

4. Pre-bid meeting will be organized on 10th June, 2024 (13:00PM) at PHLMC, Janakpurdham, Dhanusha.
5. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 noon on 20th June 2024. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 02:00PM on 20 June 2024 at the office of Province Health Logistic Management Center. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of below amounts, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 120 days)
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Bid is in package and evaluation will be done in package.

| IFB No. | IFB Name | Bid Fee | Bid Security | Bid Opening date |
|---|---|---|---|---|
| MP/PHLMC/NCB/ GOODS-22/2080-81 | Procurement & Delivery of Equipment for Burn Unit. | 3000/- | 5,00,000 | 20th June 2024 |

**(Director)**

# पञ्जिकरण अधिकारीको बयान

**टुडे समाचारदाता**

वीरगंज । वीरगंज महानगरपालिकाका मेयर नागरिकता किर्ते प्रकरणमा व्यापक बिरोध पछि रोकिएको अनुसन्धानलाई पर्सा प्रहरीले पुनः अघि बढाएको छ।

मेयर राजेशमान सिंहले सरकारी कागज किर्ते गरेको मुद्दामा निष्पक्ष छानविन नभएको भन्दै जुलुस प्रर्दशन र गृहमन्त्रीका स्वकीय सचिव दीपक बोहरा मार्फत ५५ लाख रुपैयाँ नजराना लिएको आरोप लागेपछि पर्सा प्रहरीले कछुवा गतिमा रहेको अनुसन्धानलाई तीब्रता दिएको छ। जिल्ला प्रहरी कार्यालय पर्साले २ महिना पछि आइतबार पञ्जिकरण अधिकारीसँग बयान लिएको छ।



सरकारी वकिलको कार्यालय मार्फत फागुन २४ गते फौजदारी अभियोगमा जिल्ला प्रहरी कार्यालयले नागरिकता प्रकरणमा मेयर राजेशमान सिंहले पेश गरेको जन्मदर्ता प्रमाणपत्र किर्ते रहेको भन्दै परेको उजुरी दर्ता गरेको थियो ।पर्सा प्रहरीले लिएको ५ घण्टासम्म लिएको बयानमा पञ्जिकरण अधिकारी भिखारी रायले पुरानै कुरा दोहर्याएको श्रोतको दावी छ। उनले पहिला देखि विभिन्न मिडियाहरुमा दिएको इन्कारी बयानलाई नै पुनः दोहोर्‍याएका छन।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक कुमार विक्रम थापाले मेयर राजेशमान सिंहको बिरोधमा दर्ता मुद्दाको अनुसन्धान अगाडि बढाइएको बताए । उनले जिल्ला प्रहरी कार्यालय पर्सामा नागरिकता र जन्मदर्ता प्रमाणपत्र किर्तेको बारेमा विभिन्न सोधपुछका कार्यहरु भइरहेको बताउदै भने, ,'पञ्जिकरण अधिकारीसंग सोधपुछ मात्र गरिएको हो, बयान लिएको होइन, हामी वडा कार्यालय तथा जिल्ला प्रशासन कार्यालय पर्सासंग पनि सम्बन्धित कागजपत्रहरु मांग गरेका छौ ।'

मेयर राजेशमान सिंहले २०७१ कात्तिक २० गते तत्कालीन वीरगंज उपमहानगरपालिका वडा कार्यालयबाट जन्म दर्ताको प्रमाण पत्र बनाएका थिए । जसमा तत्कालीन वडा अध्यक्ष अथवा पञ्जिकरण अधिकारी भिखारी रायको हस्ताक्षरबाट राजेशमान सिंहकी छोरी भनिएकि रुबिनालाई जन्मदर्ता प्रमाणपत्र प्रदान गरिएको छ । जसलाई पञ्जिकरण अधिकारी यादव नकली भएको दाबी गर्दै आएका छन । जन्मदर्ता प्रमाण पत्रमा रहेको हस्ताक्षर आफ्नो नभइ किर्ते गरिएको यादवको दावी छ।

मेयर सिहकी कान्छि श्रीमति रिता भट्टराईले जिल्ला अदालत पर्सामा दर्ता गरेको सम्बन्ध बिच्छेद मुद्दामा पेश गरेको जन्मदर्ता प्रमाण पत्र स्थानीय पञ्जिकरण अधिकारी भिखारी रायको नामबाट जारी भएको छ। तर, भिखारी रायले उक्त जन्म दर्तामा प्रयोग भएको हस्ताक्षर, छाप र नाम किर्ते गरिएको प्रहरी समक्ष बयान दिएका छन् । मेयर राजेशमान सिंहले वीरगंज उपमहानगरपालिका कार्यालय, वीरगंज पर्साको दर्ता नम्बर २३४४ राखेर पारिवारिक लागत फारम नं. १०६-२०७१-२०७२ बाट किर्ते जन्मदर्ताको प्रमाणपत्र तयार गरेको बयान दिएको प्रहरी एक अधिकारीले बताए।

वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहले किर्ते गरेर नागरिकता दिलाएको खुलासा भएपछि मेयर सिंहविरुद्ध जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय, गृह मन्त्रालय लगायतका ७ वटा निकायमा जाहेरी परेको छ । यस विषयमा गृह मन्त्रालयका सह सचिव पुष्कर राणाको संयोजकत्वमा छानविन समिति बनेपनि प्रतिवेदन सार्वजनिक भने गरिएको छैन।

# पर्यटकीय नाढिमन ताल गौचरनमा परिणत

"विसं २०७५ मा पालिकाले पाँच वर्षका लागि छ करोड १९ लाखमा माछापालन गर्न ताल ठेक्का लगाएको थियो," उनले भने, "ठेकेदारले प्रत्येक वर्ष जाल हानेर माछा निकाल्ने गरेको थियो । ठेक्का सकिने वर्ष अदालतबाट "स्टेअडर" ल्याएर ताल सुक्ने गरी पानी निकालेपछि समस्या सिर्जना भएको छ।"

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको चन्द्रनगरस्थित ऐतिहासिक पर्यटकीयस्थल नाढिमन ताल गौचरनमा परिणत भएको छ। सदरमुकाम मलङ्गवा र पूर्वपश्चिम राजमार्गको मध्यभागमा पर्ने चन्द्रनगर गाउँपालिका-७ स्थित उक्त ताल एक वर्षदेखि गौचरनमा परिणत भएको छ।



माछापालन गर्न ठेक्का लिएका ठेकेदारले तालको पानी सुकाएपछि घाँस उम्रिएको छ। गत वर्ष ठेक्का सकिएपछि ठेकेदारले माछा निकाल्ने भन्दै तालको पूरै पानी पम्पसेट लगाएर फालिदिएका थिए।

पानी सुकाएपछि गौचरण बनेको तालमा अहिले स्थानीयले पशुचौपाया चराउने गरेका छन्। ताल परिसरमा रहेका भौतिक संरचनासमेत जीर्ण बन्दै गएका छन् । कुनै समय आन्तरिक पर्यटकको पहिलो रोजाइमा पर्ने उक्त ताल अहिले ताल किनार फोहर हुनुका साथै सडक पनि घाँसले भरिएका छन्।

ठेकेदारले अदालतबाट 'स्टेअडर' नै ल्याएर पूरै तालको पानी बाहिर फालिदिएपछि तालको स्वरुप जीर्ण बन्दै गएको गाउँपालिका अध्यक्ष राजकुमार महतोले बताउँछन् । "विसं २०७५ मा पालिकाले पाँच वर्षका लागि छ करोड १९ लाखमा माछापालन गर्न ताल ठेक्का लगाएको थियो", उनले भने, "ठेकेदारले प्रत्येक वर्ष जाल हानेर माछा निकाल्ने गरेको थियो । ठेक्का सकिने वर्ष अदालतबाट 'स्टेअडर' ल्याएर ताल सुक्ने गरी पानी निकालेपछि समस्या सिर्जना भएको छ।"

तालमा बचेको थोरै पानीसमेत स्थानीय किसानले पम्पसेट लगाएर खेतमा लगेपछि पूर्णरुपमा चरन क्षेत्र बनेको स्थानीयको भनाइ छ । पानी सुकेर गौचरनमा परिणत ऐतिहासिक नाढिमन ताल कुरुप देखिन थालेको छ। एक वर्षदेखि ताल ठेक्का लगाउन नपाउँदा पालिकालाई आर्थिकरुपमा नोक्सानी भएको छ।

तालमा पुनःपानी भर्नका लागि पानीको मुहान सरसफाइ गरी नजिकै रहेको अधबारा खोलाको पानी हाल्ने तयारी भइरहेको छ। पानी भरेपछि यसको संरक्षण र प्रवर्द्धनका लागि पालिकाले विशेष रणनीति लिएर अगाडि बढ्ने अध्यक्ष महतो बताउँछन्।

तालमा पानी भर्ने अन्य उपाए नभएपछि वर्षासम्म कुरेर आधबारा खोला फर्काउने तयारी भएको गाउँपालिकाकी उपाध्यक्ष गीतादेवी महतोले जानकारी दिइन् । ताल सुकेको अवस्थामा तालको ड्यामलगाययत संरचना पुनःनिर्माण तथा मर्मत भइरहेको पालिकाका प्रशासकीय अधिकृत मदनबहादुर थिङले जानकारी दिए।

स्थानीयको अतिक्रमणबाट ३२ बिघामा खुम्चिएको ताल क्षेत्रलाई पटकपटक गरी अतिक्रमण हटाएर ३८ बिघामा पुर्‍याइएको पालिकाले जनाएको छ। यस तालको पूरा क्षेत्रफल ५२ बिघा रहेको जानकारहरु बताउँछन् । तालको ठूलो हिस्सा अझै अतिक्रमणमा रहेका स्थानीय प्रविन महतोले बताउँछन् । ताल १२ फिटसम्म गहिरो छ।

विगतमा यस तालबाट नजिकैका सयौं हेक्टर क्षेत्रफल खेत सिँचाइ हुने गरेको थियो। विस्तारै तालमा पानी आउने मुहान अतिक्रमणबाट हराउँदै जानु, संरक्षणमा चासो नहुनु तथा लामो खडेरीले ताल सुक्दै जाँदा जीर्ण बनेको उनको भनाइ छ।

ताल सुकेसँगै ताल परिसर तथा चन्द्रनगर बजार क्षेत्र यतिबेला सुनसान बनेको छ। ताल पसिरमा आइपुग्ने जोकोही तालको जीर्ण अवस्था देखेर थकथकाउँदै फर्कने गरेका छन्।

विसं २०७२ मा नेपाली सेनाले राष्ट्रपति चुरे तराई-मधेश संरक्षण विकास समितिको परियोजनाअन्तर्गत करोडौंको लगानीमा उक्त तालको सरसफाइ र सौदर्यकरण गरेको थियो । त्यसपछि गुमनाम ताल पर्यटकीय क्षेत्रमा परिणत भएको थियो । ताल परिसरमा घुम्न, वनभोज खान तथा विभिन्न अवसर पारेर मनाउन आउनेहरुको चहलपहल बढेको थियो।

पालिकाले मनोरञ्जनका लागि तालमा 'पाइडल बोट' (खुट्टाले चलाउने डुङ्गा) लगायत सामग्री प्रयोगमा ल्याएपछि थप पर्यटक आकर्षित भएका थिए । विस्तारै पर्यटकीय गन्तव्यकारुपमा विकास हुँदै गएको तालका कारण स्थानीय व्यापार व्यवसायसमेत फस्टाएको थियो । विगत एक वर्षदेखि तालसँगै यहाँका स्थानीयको आयस्रोत पनि सुक्दै गएको रामभ्कीप्रसाद कापरले बताए।

अहिले ताल परिसरमा रहेका पसल, होटल तथा व्यवसायी पलाएन हुने अवस्थामा पुगेका खाजा पसल सञ्चालक रिता देवीले बताइन् । "पहिला दिनको दुई हजारदेखि तीन हजारसम्म आम्दानी हुन्थ्यो", उनले भनिन्, "एक वर्षदेखि ऋण गरेर घरको भाडा तिरिरहेका छौं । एक दिन फेरि नाढिमन तालमा पानी भरिएला र बजार पसल पहिला झै सञ्चालन होला भन्ने आशमा छौं।"

# पोखरिया अस्पताललाई स्तरोन्नति गर्न माग

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको पुरानो सदरमुकाम पोखरियास्थित पोखरिया अस्पताललाई स्तरोन्नति गर्न सङ्घीय सरकारसमक्ष माग गरिएको छ। राष्ट्रिय मुक्ति क्रान्ति, पोखरिया पर्साका नेता नेजामछीन शमानीले स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप यादवसँग भेट गरी पोखरिया अस्पताललाई स्तरोन्नति गर्न माग गर्दै ज्ञापनपत्र बझाएका छन्।




उक्त अस्पताललाई स्तरोन्नति गरी आवश्यक जनशक्ति तथा उपकरण उपलब्ध गराउनुपर्ने उक्त ज्ञापनपत्रमा उल्लेख छ । ज्ञापनपत्रमा मधेश आन्दोलनमा योगदान गरेका स्व.बाबा रामजनम तिवारीका नामबाट अस्पताल बनाउन तथा वीरगञ्जमा रहेको 'ब्लड बैङ्क'का लागि आवश्यक उपकरण उपलब्ध गराउन, पोखरियामा बर्थिङ सेन्टरको भवन निर्माण गर्न सहयोग गर्न उल्लेख छ। ज्ञापनपत्र बुझ्दै मन्त्री यादवले पोखरिया अस्पताललाई स्तरोन्नति गर्न आफू सकारात्मक रहेको बताएका नेता शमानीले बताए । स्तरोन्नति गर्न प्रदेश सरकारले निर्णय गरेर केन्द्रमा पठाएको उनको भनाइ छ। "हामीले पोखरिया अस्पताललाई स्तरोन्नति गर्न पटक-पटक ताकेता गर्दै आएका छौं," उनले भने । पोखरिया नगरपालिकामा १५ शय्यामा सञ्चालित पोखरिया अस्पताललाई ५० शय्यामा स्तरोन्नति गरी मधेश प्रदेश सरकारको मातहतमा व्यवस्थापन गर्ने मधेश प्रदेश सरकारले २०७६ चैत २८ गते निर्णय गरेको थियो।

पोखरिया अस्पताल प्रदेश मातहतमा व्यवस्थापन हुँदा हाल स्थानीय तहमा समायोजन भई सो अस्पतालमा कार्यरत कर्मचारीको समायोजन सम्बन्धमा सङ्घीय मन्त्रालयको राय सहमतिका लागि मन्त्रालयमा पठाइएको भए पनि अहिलेसम्म कार्यान्वयन हुन सकेको छैन। पोखरिया जिल्लाको पश्चिमी भेगमा पर्छ। वीरगन्जस्थित नारायणी अस्पतालमा बिरामी लैजान झन्डै ४० किलोमिटर दूरी पार गर्नुपर्ने अवस्था छ।

# लागू औषध गाँजासहित एक पक्राउ



**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरी प्रहरीले औरही नगरपालिका-८ टिम्कियाबाट लागू औषध गाँजासहित एक जनालाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीबाट खटेको विशेष टोलीले टिम्कियाबाट वीआर ३० एएच २३८८ नम्वरको सेतो रंगको कारलाई शंकाको आधारमा चेकजाँच गर्दा उक्त कारको डिक्किमा लुकाई छिपाई राखेको एक सय सात केजी गाँजा विभिन्न २० पोका बरामद गरिएको छ।

सो कारका चालक सर्लाही जिल्लाको पर्सा गाउँपालिका-१ का रघुनाथ यादवका २० बर्षीय छोरा चन्दन यादवलाई नियन्त्रणमा लिइएको र जिल्ला अदालतबाट सात दिन म्याद थप भई आवश्यक अनुसन्धान भईरहेको प्रहरी निरीक्षक धर्मराज मुडभरीले जानकारी दिएका छन्।

# भारतसँग जोडिएको पर्साका सीमानाका तीन दिन बन्द हुने

**टुडे समाचारदाता**

वीरगञ्ज । भारतमा हुने लोकसभा निर्वाचनलाई लक्षित गर्दै भारतसँग जोडिएको पर्साका सीमानाका तीन दिन बन्द हुने भएको छ । जिल्ला प्रशासन कार्यालय पर्साले यही जेठ १० देखि १२ गते बेलुका ६ बजेसम्म भारतसँग जोडिएका पर्साको सीमानाका बन्द हुने जनाएको छ।




जिल्ला प्रशासन कार्यालय पर्साका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले भारतको विहार राज्यको पश्चिम चम्पारण जिल्लामा जेठ १२ गते हुने लोकसभा निर्वाचनलाई लक्षित दुई देशबीचको सीमानाका बन्द हुने बताए।

"दुवै मुलुकमा निर्वाचन हुँदा ४८ घण्टाअगावै सीमानाका बन्द गर्ने परम्पराअनुसार सीमानाका बन्द गर्ने सहमति भएको छ", उनले भने, "भारतको विहार राज्यको पश्चिम चम्पारण जिल्लामा हुन गरिरहेको निर्वाचनलाई शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गर्न शुक्रबार बसेको बिडिसिसी बैठकको निर्णयअनुसार निर्वाचन हुनु ४८ घण्टाअघिदेखि सीमानाका बन्द गर्ने निर्णय भएको छ।"

पर्साको एक सय सात किलोमिटर सीमा क्षेत्र भारतसँग जोडिएको छ । दुवै मुलुकको बिडिसिसी बैठकको निर्णय र समाहरणालय, पश्चिम चम्पारण, बेतिया (विहार)को पत्राङ्कको पत्रबाट समेत अनुरोध भएर आएको जिल्ला प्रशासन कार्यालय पर्साले जनाएको छ। नेपालमा निर्वाचन हुँदा पनि भारतको सीमानाका बन्द गर्ने परम्परा रहँदै आइरहेको छ।

# शिक्षामा सहभागी गराउन घरदैलो कार्यक्रम

**टुडे समाचारदाता**

जनकपुरधाम । दलित तथा सीमान्तकृत समुदायका बालबालिकाहरुलाई शिक्षामा सहभागी गराउन श्री राष्ट्रिय प्राथमिक विद्यालय, तुलसियाही, जवदीका शिक्षकशिक्षिकाहरुले घरदैलो अभियान सुरु गरेका छन्।



धनुषा जिल्लाको अत्यन्तै पिछडिएको क्षेत्र मानिने मुखियापट्टी मुसहरनिया गाउँपालिकामा रहेको यस विद्यालयका प्रधानाध्यापक सर्वनारायण ठाकुरले शिक्षा क्षेत्रमा स्तरोन्नतिका लागि अभिभावकहरुमा जनचेतना आवश्यक रहेको बताए। उनले भने-'अभिभावकहरुलाले आ-आफ्ना बालबालिकाहरुलाई समयमा तयार गरेर विद्यालय पठाउन तथा सरसफाइका साथ विद्यालयको पोसाक लगाई, किताब, कापी, कलम राखेर विद्यालय पठाउन अभिभावकलाई सुझाव दिइयो"। त्यसैगरि मुखियापट्टी मुसहरनिया गाउँपालिकाका शिक्षा शाखा प्रमुख सञ्जय मिश्रले भने-"गुणस्तरीय शिक्षाका लागि बालबालिका, अभिभावक, नागरिक समाज, सरकारी तथा गैर सरकारी संस्थाहरुको सहयोग महत्वपूर्ण रहेको छ।'

मुखियापट्टी मुसहरनिया गाउँपालिकाका अध्यक्ष जयकुमार यादवका अनुसार यस अभियानको मुख्य उद्देश्य विद्यालय बाहिर रहेको बालबालिकाहरुलाई विद्यालयमा भर्ना गर्ने रहेकोछ । दलित, मुसहर, डोम, तथा पिछडा वर्ग समुदायका बालबालिकाहरुलाई विद्यालयमा पहुँचका लागि यो घरदैलो निकै नै लाभदायक हुने विश्वासका साथ यो घरदैलो अभियानको प्रारम्भ गरेको उनले बताए । उनले भने-'कुनैपनि विद्यार्थी बिना कारण खुलाई ३ देखि ५ दिनसम्म लगातार विद्यालय नआएकोमा वा ८० प्रतिशत हाजिरी नपुगेकोमा परीक्षामा सहभागी हुन पाउने छैन्।' विद्यालयमा अहिले ५ सय ६८ विद्यार्थी संख्या छन्।

# 'डेढ गुनाबढी आँप उत्पादन हुने'

**टुडे समाचारदाता**

राजविराज। गत वर्षको तुलनामा सप्तरीमा यस वर्ष डेढगुना बढी आँप उत्पादन हुने जनाइएको छ।

आँप उत्पादन हुने क्षेत्रमा बृद्धि, मौसमको अनुकूलता र यो वर्ष अनइयर (आँप बढी उत्पादन हुने वर्ष) भएकाले गत वर्षको तुलनामा बढी आँप उत्पादन हुने कृषि ज्ञान केन्द्र सप्तरीले जनाएको छ।

जिल्लामा वर्षेनि ८ हजार ५ सय हेक्टर जग्गामा आँप खेती हुँदै आएको छ । गत वर्ष ४९ हजार ७ सय मेट्रिक टन आँप उत्पादन भएकोमा यस पटक आँप उत्पान हुने क्षेत्रमा बृद्धि, मौसमको अनुकूलता र यो वर्ष अनइयर वर्ष समेत भएकाले उत्पादन बृद्धि भई ७१ हजार २ सय ५० मेट्रिक टन आँप उत्पादन हुने अनुमान गरिएको कृषि ज्ञान केन्द्र सप्तरीका निमित्त कार्यालय प्रमुख किसुन देव राउतको भनाइ छ।

"मौसमले साथ दिएको छ, उनले भने-'गत वर्ष भन्दा डेढ गुणा आँप बढी उत्पादन हुन्छ।" हावाहुरी र असिनाबाट आँपको बोटलाई क्षति नहोस भन्ने हामी जति खटेका छौ, त्यति नै किसानहरु पनि खटेकाले परिणाम राम्रो आउने देखिएको उनको भनाई छ।

आँप उत्पादन बढ्ने भएपछि यहाँका किसानहरु पनि हौसिएका छन् । उत्पादन राम्रो हुने संकेत पाएपछि बगैंचा नै किन्न ब्यापारी आउन थालेको अग्नीसाइर कृष्णासवरण गाउँपालिकाका कृषक भोला चौधरीले बताए। यस वर्षको आँप उत्पादनले गत वर्षको घाटा पुरा हुने विश्वास गरेको अर्का कृषक विजय चौधरीले बताए।

सप्तरीका कृषकले मालदह, बम्बई, दशहरी, कलकतिया लगायत जातका आँप उत्पादन गर्दछन् । आकाशे पानीको भरमा खेतीपाती गर्नु पर्ने र सुख्खा जमीनमा अन्यबाली नफस्टाउँने भएकाले सप्तरीका अधिकाँश कृषक व्यवसायीक आँप खेती तर्फ आर्कषित भएका छन्।

संक्रामक रोगबाट बचौं र बचाऔं ।

गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायतका विभिन्न संक्रामक रोगहरु फैलिन सक्दछन् ।

- संक्रामक रोग फैलाउने झिँगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं,
- संक्रामकरोगबाटबच्नशुद्धरउमालेकोपानीपिऔं,
- बासी तथा सडेगलेका खानेकुरा नखाऔं,
- घरभित्र र वरपरको सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८